जनकपुरधाम उपमहानगरपालिका

# संक्षिप्त वातावरणीय अध्ययन
# तथा
# प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९

# BES and IEE Guideline

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिका, जनकपुरधाम
मधेश प्रदेश, नेपाल

२०७९

# जनकपुरधाम उपमहानगरपालिकाको
# संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९

प्रस्तावना

जनकपुरधाम उपमहानगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन, प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, जनकपुर उपमहानगरपालिकाकाले वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि प्रचलित सङ्घीय कानूनले उपमहानगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने भनी तोकिएको विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना कार्यान्वयन गर्ने सरकारी, अर्धसरकारी, गैर सरकारी, समुदायमा आधारित संस्था र व्यक्ति वा कम्नीको हकमा सकेत लागू हुनेछ ।

(३) यो कार्यविधि जनकपुरधाम उपमहानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गरिएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्ग अर्को  अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "कार्यसूची" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि यस कार्यविधि बमाजिम स्वीकृत कार्यसूची सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले जनकपुरधाम उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गत वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी विषय हेर्ने शाखा/एकाईलाई सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिका सम्झनु पर्छ ।

(छ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य भौतिक क्रियाकलाप वा भू-उपयोगमा कुनै परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ज) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(झ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकीन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरीने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सझनुपर्छ ।

(ञ) ''वातावरण'' भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ ।

(ट) ''वातावरणीय अध्ययन'' भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(ठ) ''वातावरणीय अध्ययन प्रतिवेदन'' भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ड) ''वातावरणीय प्रभाव मूल्याङ्कन'' भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकीन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्धारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ढ) ''व्यवसायिक कार्ययोजना''भन्नाले प्रस्तावकले कार्यान्वयन गर्ने विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने बाहेकका आयोजना वा कार्याक्रममा हुने लगानी र प्रतिफलको विश्लेषण सहितको कार्ययोजना सम्झनु पर्छ ।

(ण) ''विस्तृत परियोजना प्रतिवेदन''भन्नाले प्रस्तावकले कार्यान्वयन गर्ने विकास निर्माणसंग सम्बन्धित परियोजनाको प्राविधिक र आर्थिक पक्षहरु विश्लेषण, गरिएको विस्तृत प्रतिवेदन सम्झनु पर्छ ।

(त) ‘‘संक्षिप्त वातावरणीय अध्ययन’’भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकुल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

## परिच्छेद- २

## प्रस्ताव छनोट तथा कार्यसूची सम्बन्धी व्यवस्था

३. **प्रस्ताव छनौट तथा सूची तयार गर्ने :**

(१) कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम तथा कार्ययोजनाको आधारमा वातावरणीय अध्ययन आवश्यक पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना तथा कार्यक्रम पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्र गरिने स्लेट, ढुङ्ग, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको विक्री सम्बन्धी कार्य समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन आवश्यक पर्ने आयोजना तथा कार्यक्रमको पहिचान तथा सूची तयार गर्दा सङ्घीय वातावरण संरक्षण नियामावली, २०७७ को आधारमा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका लागि छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूची तयार गर्दा यस कार्यविधिको अनुसूची-१ मा उल्लिखित सीमा -थ्रेसहोल्ड) अनुसार गर्नु पर्नेछ ।

(५) कार्यालयले वातावरणीय अध्ययन गर्नुपर्ने आयोजना वा कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन वा व्यवसायिक कार्ययोजना तयार भए पश्चात वातावरणीय अध्ययन गर्ने गराउने व्यवस्था गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम वातावरणीय अध्ययन गर्दा अनुसूची-२ मा उल्लिखित वातावरणीय अध्ययन सम्बन्धी प्रवाह चित्र, प्रभाव पहिचान तथा अध्ययन सूची र औजारको प्रयोग गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम वातावरणीय अध्ययन गर्नुपुर्व अनुसूची-१४ मा उल्लिखित हरित, उत्थानशील तथा समावेशी विकास परीक्षण सूची को प्रयोग गरि हरित, उत्थानशील तथा समावेशी विकास उत्तरदायी आयोजना वा कार्यक्रम पहिचान गर्नु उपयुक्त हुन्छ ।

**(४) कार्यसूची तयारी तथा स्वीकृति गर्नुपर्ने :**

(१) प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययनको लागि अनुसूची-३ र प्रारम्भिक वातावरणीय परीक्षणको लागि अनुसूची-४ बमोजिमको ढाँचामा प्रत्येक आयोजना वा कार्यक्रमको लागि छुट्टाछुट्टै कार्यसूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको कार्यसूची स्वीकृतिको लागि वातावरण विषय हेर्ने महाशाखामा पेश गर्नु पर्नेछ ।

(३)  उपदफा (२) बमोजिम पेश भएको कार्यसूची स्वीकृतिका लागि पेश गर्नुअघि विषयसँग सम्बन्धित शाखा/महाशाखाको राय सुझाव सहित पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२)बमोजिम पेश भएको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृतले र प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यसूची भए प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुखले आवश्यक जाँचबुझ गरी पेश भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ ।

(५) उपदफा (४) को प्रयोजनको लागि दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबबाट र कुनै विषयमा थप स्पष्ट गर्न लखि पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिनेछ ।

(६) उपदफा (४) बमोजिम कार्यसूची स्वीकृत गर्दा दफा ८ को उपदफा (१) बमोजिम गठित प्राविधिक समितिको सिफारिशमा गर्नु पर्नेछ ।

## ५. सार्वजनिक सुनुवाई गर्नुपर्ने :

(१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा प्रस्तावकले प्रभावित स्थानीय समुदाय, वन उपभोक्ता समुह गठन भएको भए सो समूहका प्रतिनिधि, वडा अध्यक्ष वा वडा समितिका प्रतिनिधिको रोहवरमा गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सार्वजानिक सुनुवाई गर्ने प्रयोजनका लागि प्रस्तावकले सोको मिति, समय, स्थान र आयोजना तथा कार्यक्रमको सम्बन्धमा प्रचार प्रसार गर्नको लागि स्थानीय पत्रपत्रिका, रेडियो वा अन्य सञ्चार माध्यमको प्रयोग गर्नुका सार्थ सम्बन्धित वडा कार्यालय र आयोजना क्षेत्रको कुनै सार्वजानिक स्थलमा सूचना  समेत टाँस गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गरिने सार्वजानिक सुनुवाई कार्यक्रममा आयोजना तथा कार्यक्रमबाट प्रभावित क्षेत्रका नागरिक, समुदाय तथा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा जोखिम रहेका वर्गको सहभागिता सुनिश्चित गर्न प्रस्तावकले उपदफा (२) बमोजिमको सूचना स्थानीय पत्रपत्रिका, रेडियो र अन्य सञ्चार माध्यमबाट सम्भव भएसम्म स्थानीय समेत प्रचार प्रसार गर्नु पर्नेछ ।

(५) प्रस्तावकले आयोजना तथा कार्यक्रमले समेट्ने भौगोलिक क्षेत्रको आधारमा आवश्यकता अनुसार एकभन्दा बढी स्थानमा सार्वजनिक सुनुवाईको आयोजना गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम आयोजना गरिएको सार्वजनिक सुनुवाईमा भएको उपस्थिति, सुनुवाईबाट प्राप्त सुझाव, तस्वीर तथा श्रवय-दृश्य सामाग्री समेत वातावरणीय अध्ययन प्रतिवेदनमा संलग्न गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## प्रतिवेदन तयारी तथा स्वीकृति सम्बन्धी व्यवस्था

**६. वातावरणीय अध्ययन प्रतिवेदन तयारी :**

(१) दफा ४ को उपदफा ( २) बमोजिम स्वीकृत कार्यसूची र दफा ५ बमोजिम आयोजना हुने सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव समेतको आधारमा प्रस्तावकले प्रत्येक आयोजना तथा कार्यक्रमको लागि छुट्टाछुट्टै वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको ढाँचा अनुसूची-६ तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची-७ मा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने नगरपालिका वा त्यस क्षेत्रका सम्बन्धित सरोकारवाला निकाय व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन अनुसूची-८ बमोजिमको ढाँचामा कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य वा कुनै सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना कुनै एक स्थानीय पत्रपत्रिकामा प्रकाशन गरी आफ्नो वेवसाइट भएमा सोमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम सूचना टाँस वा प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको रायसुझाव भए सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ ।

(६) दफा ४ को उपदफा (३) बमोजिम स्वीकृत कार्यसूची तथा उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले डेस्क अध्ययन, स्थलगत भ्रमण, अवलोकन र प्रभाव क्षेत्रका लक्षित समुदाय तथा सरोकारवालासँग अन्तरक्रिया गरी तथ्याङ्क तथा सूचना संकलन गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावकले प्रस्ताव कार्यन्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने सकरात्मक प्रभाव बढोत्तरी तथा नकारात्मक प्रभाव न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पहरुमध्ये वातावरणीय दृष्टिकोणले प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण समावेश गर्नु पर्नेछ ।

(८) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा अनुसूची-९ मा उल्लिखित विज्ञ मार्फत तयार गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम वातावरणीय अध्ययन कार्यमा संलग्न विज्ञहरु स्थलगत अध्ययन, अवलोकन राय परमार्श र अन्तरक्रियाका लागि आयोजना तथा कार्यक्रमको प्रस्तावित स्थलमा अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ ।

(१०) वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषामा तयार गर्नु पर्नेछ ।

तर कार्यसूची तथा प्रतिवेदनमा उल्लेख गरिने प्राविधिक शब्दावलीको लागि नेपाली भाषा प्रयोग गर्दा शब्दको आशयमा नै तात्विक फरक पर्ने भएमा त्यस्ता शब्द अंग्रेजी भाषामा उल्लेख गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भएता पनि विदेशी लगानी भएका प्रस्तावको हकमा तयार गरिने वातावरणीय अध्ययन प्रतिवेदन र कार्यसूची नेपाली वा अङ्ग्रेजी भाषामा तयार गर्न सकिनेछ ।

(१२) उपदफा (११) बमोजिम अध्ययन प्रतिवेदन र कार्यसूची अङ्ग्रेजी भाषामा तयार पारिएको अवस्थामा सोको कार्यकारी सारांश सहितको संक्षिप्त प्रतिवेदन नेपाली भाषामा समेत तयार गर्नु पर्नेछ ।

(१३) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा वातावरण संरक्षण ऐन, २०७६तथा वातावरण संरक्षण नियमावली, २०७७ ले तोके अनुसारको मापदण्ड र गुणस्तर कायम हुने गरी यस कार्यविधिले निर्धारण गरेको ढाँचामा तयार गर्नु पर्नेछ ।

(१४) प्रतिवेदन तयारी सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

(१५) वातावरणीय अध्ययन सम्बन्धी कार्य नगरपालिकाको अन्तरिक जनशक्तिबाट गर्न संभव नभएको अवस्थामा सम्बन्धित विषय विज्ञहरु वा व्यवसायिक परामर्शदाताको सहायोग लिन सकिनेछ ।

(१६) वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा वातावरणमा पर्ने प्रभावहरुको पहिचान, आँकलन तथा विश्लेषण तल ६.१ मा दिइएको खाँका अनुशार गर्नुपर्नेछ ।

## ६.१ वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा वातावरणमा पर्ने प्रभावहरुको पहिचान, आँकलन तथा विश्लेषण

संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन गर्दा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित क्षेत्रको वातावरणमा पर्ने प्रभावहरुको पहिचान, आँकलन तथा विश्लेषण गर्नु पर्दछ । यसरी प्रस्तुत गर्दा अनुकूल तथा प्रतिकूल प्रभावहरुलाई प्रभावको अवधि, प्रकार, परिमाण र सीमा किटान गरी वातावरणीय प्रभावको तह निर्धारण गर्नु पर्दछ । प्रभावहरुको स्तर अनुसार तय गरिएको अङ्कलाई जोडी हरेक प्रभावको कूल अङ्क निकाली यसरी आएको कूल अङ्कको

आधारमा प्रभावको उल्लेखनीयता मूल्याङ्कन गर्नु पर्दछ । प्रभावहरुलाई परिमाण, सीमा र अवधिको आधारमा वर्गीकरण गरेर परिमाणको आधारमा प्रभावहरुलाई उच्च, मध्यम र निम्न कोटिमा वर्गीकरण गर्नु पर्दछ । सीमाका आधारमा प्रभावहरुलाई क्षेत्रीय, स्थानीय र स्थल विशिष्टको रुपमा वर्गीकरण गरियो भने अवधिका आधारमा लघु, मध्यम र दीर्घ कोटिमा वर्गीकृत गर्नु पर्दछ । राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, १९९३ ले प्रभावहरुको पहिचानको आधारहरुलाई संख्यात्मक मापनसहित दिइएको प्रावधान तल तालिकामा प्रस्तुत गरिएको छ ।

**प्रभावहरुको पहिचानको संख्यात्मक मापनसहित दिइएको प्रावधान तालिका**

| परिमाण | मापन | सीमा | मापन | अवधि | मापन |
|---|---|---|---|---|---|
| उच्च | ६० | क्षेत्रीय | ६० | >२० वर्ष दीर्घकालीन | २० |
| मध्यम | २० | स्थानीय | २० | >३ ≤ २० वर्ष मध्यकालीन | १० |
| निम्न | १० | स्थलगत | १० | ≤ ३ वर्ष अल्पकालीन | ०५ |

संख्यात्मक मापनको उच्चतम अंक १४० हुन्छ भने न्यूनतम अंक २५ हुन्छ जसले प्रभावहरुको गुरुत्व निर्धारण गर्दछ ।

**प्रभावहरुको मूल्याङ्कन**

प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित क्षेत्रको वातावरणमा पर्ने प्रभावहरुको मूल्याङ्कन माथि तालिकामा दिइएका परिमाण, सीमा र अवधिको संचयी संख्यात्मक परिणामको आधारमा गर्नु पर्दछ । संचयी परिमाण ४५ अङ्कभन्दा कम भएमा त्यस्ता प्रभावहरु नगण्य, ४५ देखि ७५ सम्म संचयी परिमाण आएका प्रभावहरुलाई उल्लेखनीय प्रभाव र ७५ अङ्क भन्दा माथिको परिणाम आउने प्रभावहरुलाई धेरै उल्लेखनीय प्रभावको रुपमा मान्नुपर्दछ ।

**प्रभावको परिमाण, सीमा, अवधि र उल्लेखनीयताको तालिकामा**

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रभावको तह निर्धारण | | | | संचयीय अङ्क र उल्लेखनीयता |
|---|---|---|---|---|---|---|
| | | परिमाण | सीमा | अवधि | प्रत्यक्ष / अप्रत्यक्ष | |
| **निर्माण चरण** | | | | | | |
| **भौतिक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **जैविक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **सञ्चालन चरण** | | | | | | |
| **भौतिक वातावरण** | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **जैविक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**७. अध्ययन प्रतिवेदनको स्वीकृति :**

(१) दफा ६ बमोजिम तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पेश गर्नु गर्नु पर्नेछ ।

(२) प्रमुखले उपदफा (१) बमोजिम पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरण तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन उपर अध्ययन विश्लेषण तथा पुनरावलोकनको लागि दफा ८ को उपदफा (१) बमोजिम गठित प्राविधिक समितिमा पठाउनु पर्नेछ ।

(३) प्राविधिक समितिले उपदफा (२) बमोजिम प्राप्त भएको वातावरणीय अध्ययन प्रतिवेदन उपर आवश्यक अध्ययन, परामर्श, जाँचबुझ, विश्लेषण तथा पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राविधिक समितिको सिफारिशको आधारमा प्रस्तावित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वातावरणमा कुनै उल्लेख प्रभाव पर्ने नदेखिएमा आवश्यकता अनुसार प्रस्तावले पालना गर्नुपर्ने शर्त तोकी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन भए प्रमुखले र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यपालिकाले स्वीकृत गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रतिवेदन स्वीकृत गर्दा प्रतिवेदन पेश भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ ।

(६) उपदफा (५) को प्रयोजनको लागी दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट र कुनै विषयमा थप स्पष्ट गर्न लेखि पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिनेछ ।

(७) उपदफा (३) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनको अध्ययन तथा जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गर्न प्रमुखले र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने गरी कार्यपालिकाले आदेश दिन सक्नेछ ।

(८) उपदफा (७) अनुसार दिइएको आदेश अनुसार प्रस्तावकले थप अध्ययन गरी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन भए कार्यपालिका समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको निकाय समक्ष पुनः पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यसूची प्रमुखबाट र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यसूची प्रदेश कानूनले तोकोको निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

**८. प्राविधिक समिति गठन गर्ने :**

(१) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुअघि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न कार्यपालिकाले देहाय बमोजिमको प्राविधिक समिति गठन गर्नेछ :

क) योजना तथा प्राविधिक महाशाखा प्रमुख - संयोजक

ख) आयोजना तथा कार्यक्रमसंग सम्बन्धित क्षेत्रको विषयको विज्ञ - सदस्य

ग) वातावरण तथा विपद व्यवस्थापन विषय हेर्ने महाशाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार डिभिजन वन कार्यालय, सम्बन्धित विषयगत निकायका प्रमुख तथा प्रतिनिधि वा विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**९. प्रतिवेदन परिमार्जन गर्न सकिने :**

(१) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई सकेपछि सो प्रतिवेदनमा भौतिक पूर्वधार, डिजाइन तथा क्षमता र स्वरुपमा परिमार्जन गर्नुपर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भएमा वा आयोजना तथा कार्यक्रम क्षमता घटेमा वा रुख कटान संख्यामा थपघट गर्नुपर्ने भएमा कार्यपालिकाले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा (६) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन गरिएकोमा प्रारम्भिक वातावरणीय परीक्षण वा प्रारम्भिक वातावरणीय परिक्षण

गरिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने आदेश दिएको अवस्थामा परिमार्जन सम्बन्धी व्यवस्था लागू हुने छैन ।

## परिच्छेद-४

## प्रस्ताव कार्यान्वयन सम्बन्धी व्यवस्था

**१०. प्रस्ताव कार्यान्वयन गर्नु पर्ने** :

(१) प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको मितिले तीन बर्षभित्र त्यस्तो प्रस्ताव कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष परिस्थिति सिर्जना भई सो अवधिभित्र प्रस्तावको कार्यान्वयन हुन नसक्ने अवस्था उत्पन्न भएमा प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रमुख प्रशासकीय अधिकृत समक्ष र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा प्रमुख समक्ष स्पष्ट कारण खुलाई म्याद थपका लागि निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन उपर संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन भए प्रमुख प्रशासकीय अधिकृतले र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए प्रमुखले दफा १५ को उपदफा (१) बमोजिमको प्राविधिक समितिबाट जाँचबुझ गराई व्यहोरा मनासिब देखेमा आफ्नो राय सहित कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको निवेदनको व्यहोरा मनासिव देखेमा कार्यपालिकाले बढीमा दुई बर्षको अवधि थप गर्न सक्नेछ ।

(५) उपदफा (१) वा (४) बमोजिमको अवधिभित्र प्रस्ताव कार्यान्वयन प्रारम्भ नगर्ने प्रस्तावकले त्यस्तो प्रस्तावको पुनः वातावरणीय अध्ययन गराई स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

**११. वातावरणीय व्यवस्थापन योजना** :

(१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि अनुसूची-१० बमोजिमको ढाँचामा लैङ्गिक समान्ता तथा सामाजिक समावेशिकरण उतरदायी वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लैङ्गिक समान्ता तथा सामाजिक समावेशिकरण उतरदायी वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय सकारात्मक प्रभाव बढोत्तरी हुने र नकारात्मक प्रभाव न्यूनीकरण गर्ने क्रियाकलापहरुमध्ये आयोजना निर्माणको क्रममा र आयोजना सम्पन्न भएपछि अवलम्बन गर्ने क्रियाकलापहरु समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लैङ्गिक समान्ता तथा सामाजिक समावेशिकरण उतरदायी वातावरणीय व्यवस्थापन योजनामा निरोधात्मक, सुधारात्मक र क्षतिपूर्ति सम्बन्धी क्रियाकलापहरु समेत प्रस्ताव गर्नु पर्नेछ ।

(४) वातावरणीय व्यवस्थापन योजना तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन र दीर्घकालीन सकारात्मक प्रभावको बढोत्तरी र नकारात्मक प्रभावको न्यूनीकरणको लागि अबलम्वन गर्नुपर्ने समावेशि विधि र प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ ।

(५) वातावरणीय व्यवस्थापन योजनामा प्रस्तावित कार्यहरु सञ्चालन गर्न लाग्ने लागतलाई विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भएकोमा सोको क्रियाकलाप र लागत प्रस्तावकले वातावरण व्यवस्थापन योजनामा समावेश गर्नु पर्नेछ ।

(६) प्रस्तावकले वातावरणीय व्यवस्थापन योजनामा उल्लिखित क्रियाकलापलाई आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिने लागत अनुगमनमा नै समावेश गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन प्रारम्भ भएपछि प्रस्तावकले कार्यान्वयनको अवस्थाको प्रतिवेदन प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(८) नगरपालिकाले आफूले गरेको अनुगमन प्रतिवेदनलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र प्रदेश कानूनले तोकेको निकाय समक्ष पठाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम पेश गरेको प्रतिवेदनलाई सात दिनभित्र कार्यालयको सूचना पाटी तथा वेवसाईट मार्फत सार्वजानिक गर्नु पर्नेछ ।

## परिच्छेद-५

## प्रस्ताव कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

### १२.वातावरणीय अनुगमनको उद्देश्य

कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरुको अनुगमन निम्न उद्देश्य प्राप्तका लागि गरिन्छ ।

कानूनले तोकेको सीमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन

वातावरणीय प्रभाव कम गर्न अपनाएका उपायहरु संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भए नभएको जाँच्न

सम्भावित वातावरणीय क्षतिबारे समयमै सचेत गराउन

खण्डिकित तथ्याङ्क द्वारा वातावरणीय क्षतिबाट सबै भन्दा जोखिममा परेकाको पहिचान गर्न

पहिचान गरिएका तथा आँकलित प्रभाव वास्तविकतासँग कति नजीक छन् भन्ने जानकारी लिन ।

### १३. प्रस्ताव कार्यान्वयन अनुगमन तथा प्रतिवेदन :

(१) प्रस्ताव कार्यान्वयनको अनुगमन गर्दा प्रारम्भिक एवम् प्रक्रिया अनुगमन, नियमपालन अनुगमन तथा प्रभावको अनुगमन गर्नु पर्नेछ ।

(२) प्रस्तावको प्रारम्भिक अनुगमन गर्दा आयोजना वा कार्यक्रमको निर्माण कार्य शुरु गर्नुभन्दा अगावै निर्माणस्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गर्नु पर्नेछ ।

(३) खण्डिकित तथ्याङ्क संकलन गर्ने खालको अनुगमन औजार तयारि तथा प्रयोग गर्नु पर्ने छ ।

(४) प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन कार्यक्रम तथा आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य, पर्यावरणीय, सामाजिक र आर्थिक अवस्था खण्डिकित तथ्याङ्क लगायतका सूचकहरुको मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणको अवस्थाको बारेमा आवधिक वा लगातार अनुगमन गरी अभिलेख राख्नु पर्नेछ र यसरी अनुगमन गर्दा वातावरणीय व्यवस्थापन योजनामा प्रस्तावित विषयहरु समेत समावेश गर्नु पर्नेछ ।

(६) प्रस्ताव कार्यान्वयनबाट सिर्जना हुने सकारात्मक र नकारात्मक प्रभाव, वातावरण संरक्षणका लागि प्रस्तावकले पालना गर्नुपर्ने विषयहरु तथा वातावरणीय प्रभावकारिताको अनुगमन सम्बन्धी खण्डिकित तथ्याङ्क सूचकहरु साथै समेत प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमका प्रत्येक सूचकलाई कसले र कुन विधि वा तरिकाबाट अनुमन गर्ने हो सो समेत खुलाउनु पर्छ र यस्तो विधि भरपर्दो, सजिलो र आयोजना स्थलमा कार्यरत जनशक्तिले अबलम्बन गर्नसक्ने खालको हुनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको कार्य प्रस्तावकसंग उपलब्ध जनशक्तिले गर्न सक्ने अवस्था नभएमा आवश्यकता अनुसार वाह्र्यस्रोतबाट पूर्ती गरी सम्पादन गर्ने व्यवस्था प्रस्तावकले मिलाउनु पर्नेछ ।

(९) आयोजना निर्माण तथा सञ्चालनको विभिन्न चरणका लागि सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका समेत प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(१०) उपदफा (१) बमोजिम प्रस्ताव कार्यान्वयन प्रारम्भिक अनुगमन, प्रभाव अनुगमन तथा नियमपालन अनुगमन सम्बन्धी ढाँचा अनुसूची-११ मा तोकिए बमोजिम हुनेछ ।

**१४. अनुगमनका प्रकार**

प्रस्ताव कार्यान्वयन गर्दा ३ प्रकारको अनुगमन गर्नु पर्दछ जसमा प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालना अनुगमन पर्दछन ।

**क) प्रारम्भिक अवस्थाको अनुगमन :** प्रस्तावित प्रस्तावको निर्माण कार्य सुरु भन्दा अगावै निर्माण स्थल र वरपरको आधारभूत वातावरणीय पक्षहरुको सर्वेक्षण गरिनेछ जसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन थाहा पाउन सकिन्छ ।

**ख) प्रभाव अनुगमन :** प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तनहरु पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनमा क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाहरुका सूचकहरुको मूल्याङ्कन गर्नु पर्दछ ।

**ग) नियमपालना अनुगमन :** यस अन्तर्गत वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डहरुको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तर विशेष सूचकहरु वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रुपमा अनुगमन गर्नु पर्दछ ।

**१५.वातावरणीय अनुगमनका सूचकहरुः** प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत खण्डिक्रित तथ्याङ्क, पहिचान तथा आँकलन गरिएका अनुकूल वा प्रतिकूल प्रभाव एवं वातावरण संरक्षणका उपायहरुलाई ध्यान दिई प्रस्तावकले पालना गर्नु पर्ने र वातावरणीय प्रभावकारिताको अनुगमन गर्न संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित सूचकहरु प्रयोग गर्नु पर्दछ ।

**१६.अनुगमन विधिः** उल्लिखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरिकाबाट अनुगमन गर्ने हो प्रतिवेदनमा खुलाउनु पर्दछ ।

**१७.अनुगमनको लागि समय तालिका:** आयोजना निर्माण र सञ्चालनका विभिन्न अवस्थामा अनुगमन गर्नु पर्ने भएकाले सूचकको प्रकृति हेरी अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ ।

**१८.अनुगमन गर्ने निकाय:** वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा उल्लेख भए अनुसार वातावरणीय अनुगमनको लागत सम्बन्धित निकाय जिम्मेवारी हुनेछ । प्रस्तावक आफैले पनि कुनै न कुनै सूचक अनुगमन गर्नु पर्दछ जसले गर्दा कुनै प्रतिकूल प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न सकिन्छ । प्रस्तावकले आयोजनाको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक ६ महिनामा स्वः अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नु पर्दछ ।

**१९.अनुगमनको लागि अनुमानित रकम:** प्रस्ताव कार्यान्वयन (निर्माण र सञ्चालन) को समयमा विभिन्न सूचकहरुको अनुगमन गर्न आवश्यक पर्ने रकम पनि संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ ।

प्रस्तावको प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालना अनुगमन तालिका तल उल्लेख गरिएको छ ।

**२०.प्रस्तावको प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालना अनुगमन तालिका**

| अनुगमनका प्रकार | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| **प्रारम्भिक अवस्थाको अनुगमन** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **प्रभाव अनुगमन** | | | | | | |
| **भौतिक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **जैविक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **नियमपालना अनुगमन** | | | | | | |
| **भौतिक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **जैविक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण** | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **वातावरणीय अनुगमन खर्च** | | | | | | |

## २१.वातावरणीय परीक्षण

प्रस्तावित आयोजनाको वातावरणीय परीक्षण मन्त्रालय वा तोकिएको निकायले प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले ६ महिनाभित्र गर्नेछ । त्यसबाहेक मन्त्रालय वा तोकिएको निकायले प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ । प्रस्तावक आफैले पनि आयोजनाको आन्तरिक वातावरणीय परीक्षण गर्नु पर्दछ ।

वातावरणीय परीक्षणका किसिम देहाय बमोजिमका छन् :

क) निर्माण तहको परीक्षण

ख) कार्यान्वयन तहको परीक्षण

ग) कार्यको प्रभावकारीता परीक्षण

घ) आयोजना प्रभाव परीक्षण

ङ) आँकलन गरिएको प्रविधिको परीक्षण

च) प्रभाव मूल्याङ्कन प्रक्रिया परीक्षण

<u>वातावरणीय परीक्षणमा संलग्न पक्ष</u>

वातावरणीय परीक्षणमा संलग्न पक्ष सामान्यतया ३ पक्ष संलग्न हुनु पर्दछ :

क) परीक्षक

ख) परीक्षित पक्ष (प्रस्तावसँग सरोकार भएको)

ग) तेस्रो पक्ष

स्वेच्छिक वा बाध्यकारी परीक्षणको लागि संलग्न पक्ष वा संस्था

स्वेच्छिक वा बाध्यकारी परीक्षणको लागि संलग्न पक्ष वा संस्थाको आधारमा वातावरणीय परीक्षण आन्तरिक वा बाह्य हुन सक्नेछ :

क) आन्तरिक परीक्षण
ख) बाध्यकारी परीक्षण
ग) स्वेच्छिक परीक्षण

वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा निम्न बमोजिमको हुन सक्नेछ :

| | |
|---|---|
| **अध्याय १** | यस अध्यायमा संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको मुख्य मुख्य कुराहरु समावेश गरी प्रतिवेदनको कार्यकारी सारांश लेख्नु पर्नेछ । |
| **अध्याय २** | यस अध्यायमा परीक्षण प्रशासनिक र परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वाता, परीक्षण गर्ने पक्ष र परीक्षणका क्षेत्र र विधि समावेश गर्नु पर्नेछ । साथै वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित तथ्याङ्क र विवरण समेत समावेश गर्नु पर्दछ । |
| **अध्याय ३** | यस अध्यायमा परीक्षणको पूर्ण विवरण समावेश गर्नु पर्दछ । |
| **अध्याय ४** | यस अध्यायमा आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझाव तथा सुधारात्मक कार्य समावेश गर्नु पर्दछ । |
| **अनुसूची** | अनुसूचीमा तथ्याङ्क र विवरण समावेश गर्नु पर्दछ । |
| **परीक्षण गर्ने समूहमा समावेश हुने पर्ने जनशक्ति** | संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको तयारी क्रममा प्रस्तावसँग विषय मिल्ने विज्ञ जस्तै वातावरण विज्ञ, सामाजिक-आर्थिक विज्ञ, फोहोरमैला व्यवस्थापन विज्ञ, आदि समावेश गर्नु पर्दछ । |

**२२. अनुगमन सम्बन्धी जिम्मेवारी :**

(१) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन प्रस्तावको कार्यान्वयनको स्वःअनुगमन गर्ने जिम्मेवारी प्रस्तावक स्वयंको हुनेछ ।

(२) प्रस्तावकले प्रत्येक छ महिनामा उपदफा (१) बमोजिम स्वःअनुगमन गरी तयार गरेको खण्डिकृत तथ्याङ्क सहितका प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) नगरपालिका स्वयं प्रस्तावक भएको वा अन्य प्रस्तावकबाट कार्यान्वयन गरिने प्रस्तावको अनुगमनका लागि कार्यपालिकाले देहाय बमोजिमको अनुगमन समिति गठन गर्नेछ :-

क) उपप्रमुख - संयोजक

ख) वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) योजना तथा पूर्वाधार विकास महाशाखा/शाखा वा एकाई प्रमुख - सदस्य

ङ) वातावरण निरीक्षक - सदस्य

च) वातावरण तथा विपद व्यवस्थापन महाशाखा प्रमुख - सदस्य सचिव

(४) समितिले जिल्लास्थित डिभिजन वन कार्यालय, सम्बन्धित निकाय प्रमुख तथा प्रतिनिधि वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) अनुगमन समितिले दफा ११ बमोजिम अनुगमन गरी तयार पारिएको प्रतिवेदन तीस दिनभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) कार्यपालिकाले अनुगमनबाट देखिएका सदस्य तथा सुझाव कार्यान्वयनको लागि प्रस्तावलाई आदेश दिन सक्नेछ र यसरी दिएको आदेशको पालना गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

**२३. कार्यान्वयनमा रोक लगाउन सक्ने :**

(१) यस कार्यविधि तथा वातावरण संरक्षण सम्बन्धी प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत भएभन्दा फरक हुने गरी प्रस्ताव कार्यान्वयन गर्न गराउन हुदैन ।

(२) कुनै व्यक्ति, संस्था वा निकायले उपदफा (१) विपरितको कार्य गरेको पाइएमा संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन भए कार्यपालिकाले प्रस्ताव कार्यान्वयनमा रोक लगाउनेछ र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा प्रदेश सरकारको सम्बन्धित निकायमा सिफारिश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै प्रस्ताव कार्यान्वयनमा रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपूर्तिको दावी गर्न पाउने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले प्रचलित ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा लगाइएको रोक सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ ।

**२४.जरिवाना हुने :**

संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन तथा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदनस्वीकृत नगराइ वा स्वीकृत प्रतिबेदनको बिपरित हुने गरी कुनै प्रस्ताब कार्यान्वयन गरेमा देहाय बमोजिमको जरिवाना हुने छ ।

(१) संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिबेदनको बिपरित हुने गरी कुनै प्रस्ताब कार्यान्वयन गरेमा रु. पाँच लाखसम्म जरिवाना हुने

(२) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिबेदनको बिपरित हुने गरी कुनै प्रस्ताब कार्यान्वयन गरेमा रु. दश लाखसम्म जरिवाना हुने

## परिच्छेद-६

## गुनासो व्यवस्थापन

### २५ गुनासो सुनुवाई गर्ने दायित्व :

(१) आयोजना तथा कार्यक्रमको वातावरणीय, आर्थिक, सामाजिक र साँस्कृतिक सवालसँग सवालसँग सम्बन्धित प्रभावित व्यक्ति तथा समुदायको चासो, शिकायत तथा गुनासो प्राप्त गर्ने, सम्बोधन र कार्यान्वयनमा सहजीकरण गर्ने प्रयोजनका लागि गुनासो सुनुवाई संयँन्त्रको व्यवस्था गर्ने दायित्व प्रस्तावकको हुनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था भएको संयन्त्रमा गुनासो सुन्ने अधिकारी तथा गुनासो सम्बोधन समिति लगायत अन्य उपयुक्त व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गुनासो सुनुवाई अधिकारीको व्यवस्था नभएको अवस्थामा गुनासो सुनुवाई अधिकारीको जिम्मेवारी स्वतः आयोजना प्रमुखको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गुनासो सुनुवाई सम्बन्धी व्यवस्था गर्न कार्यपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय गुनासो सम्बोधन समिति गठन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिमको गुनासो सुनुवाई संयन्त्रले परियोजना वा प्रस्तावसँग सम्बन्धी वातावरणीय, आर्थिक,सामाजिक एवम् सँस्कृतिक चासो तथा सवालहरु बारे आवाज प्रस्तुत गर्न र सम्बोधन गर्न समयबद्ध तथा पारदर्शी कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(६) प्रस्तावकले प्रस्तावित आयोजना तथा कार्यक्रमको बिषयमा वडा तथा नगरपालिका स्तरमा सचेतनामूलक अभियान सञ्चालन गरी प्रस्तावित आयोजना तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने प्रभावितहरुको हक अधिकार र गुनासो सम्बोधन गर्ने संयन्त्रको बारेमा समुदाय तथा सरोकारवालालाई सुसूचित गराउनु पर्नेछ ।

(७) गुनासो सम्बोधन समिति तथा गुनासो सुन्ने अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वातावरणीय तथा सामाजिक अवरोध, सम्पत्तिको प्राप्ति, अधिकार, क्षतिपूर्ति र सहायता सम्बन्धमा प्रभावितहरुलाई सहयोग गर्ने,

(ख) प्रभावित व्यक्तिहरुको गुनासो प्राप्त गर्ने, अभिलेख राख्ने, वर्गीकरण गर्ने, प्राथमिकता निर्धारण गर्ने,

(ग) गुनासो प्राप्त भएको मितिले पन्ध्र दिन भित्र सम्बोधन गरी सम्बन्धित नगरपालिकालाई जानकारी गराउने,

(घ) गुनासो सम्बोधन सम्बन्धी निर्णय प्रक्रियामा असन्तुष्ट पक्षको पृष्ठपोषणलाई सुनिश्चित गर्ने,

(ङ) प्रस्तावकले तोके बमोजिमका र समितिले आवश्यक देखेका अन्य कामहरु गर्ने ।

१६. प्रचलित कानून लागू हुनेः यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।

## परिच्छेद-७

## बिबिध

२६. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची र प्रतिवेदनको समीक्षा तथा स्वीकृत गर्दा अनुसुची-१२ अनुसारका विषयहरुमा (चेकलिष्ट) ध्यान दिनु पर्ने छ ।

२७. संघीय वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रस्तावहरुको वातावरणीय अध्ययनको सीमा (थ्रेसहोल्ड) तोकिएको छ ।

२८. प्रस्ताव कार्यान्वयन गर्दा वनक्षेत्र प्राप्त गर्नु पर्ने र रुखहरु हटाउनु पर्ने भएमा नेपाल सरकार वन तथा वातावरणका मन्त्रालयले तयार पारेको कार्यविधि (राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि २०७६) अनुसार गर्नु पर्दछ ।

२९. प्रचलित कानून लागू हुनेः यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।

## अनुसुची-१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

(नगरपालिकाको अधिकार क्षेत्रका संभाव्य प्रस्तावहरुको वातावरणीय अध्ययनको सीमा थ्रेसहोल्ड)

| प्रस्तावको विषय क्षेत्र | वातावरणीय अध्ययनका विधि अनुसार अध्ययन गर्नु पर्ने आयोजना तथा कार्यक्रमको मापदण्ड | | |
|---|---|---|---|
| | संक्षिप्त वातावरणीय अध्ययन | प्रारम्भिक वातावरणीय परीक्षण | वातावरणीय प्रभाव मूल्याङ्कन |
| वन र वृक्षारोपण | २० हेक्टरसम्मको क्षेत्रफलमा नयाँ बनस्पति उद्यान, वन वीउ बगैचा र प्राणी उद्यान -चिडियाखाना) निर्माण गर्ने | २० हेक्टर भन्दा बढीको क्षेत्रफमा नयाँ बनस्पति उद्यान, वन वीउ बगैचा र प्राणी उद्यान - चिडियाखाना) निर्माण गर्ने | वन क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साइट निर्माण तथा संचालन गर्ने |
| | वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा नीजि बाहेकका जग्गामा स्थानीय सरकारले उपभोक्त समूह मार्फत आयोजना निर्माण वा संचालन गर्ने | तराईमा ५० देखि ५०० हेक्टरसम्म र पहाडमा ५० देखी २५० हेक्टरसम्मको क्षेत्रमा एकल प्रजातीका स्वदेशी विरुवा एकै ब्लकमा वृक्षरोपण गर्ने | तराईमा ५०० हेक्टर भन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एकै ब्लकमा वृक्षरोपण गर्ने |
| | | सार्वजनिक बुटयान क्षेत्रमा जडिबुटी वा सुगन्धित वनस्पतिको व्यवसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने | |
| | | | |
| १ | | १ देखि ५ हेक्टरसम्मको वन | विद्युत प्रसारण लाइन |

| | | | |
|---|---|---|---|
| हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने | | क्षेत्र अन्य | बाहेक अन्य प्रयोजनका |
| | | प्रयोजनको लागि प्रयोग गर्ने | लागि ५ हेक्टरभन्दा बढी वन क्षेत्रमा प्रयोग गर्ने |
| पर्यटन | २५ देखि ५० वेडसम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने | ५१ देखि १०० वेडसम्मको होटेल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने | १०० वेड भन्दा बढी क्षमताको होटेल वा रिसोर्ट स्थापना तथा सञ्चालन गर्ने |
| | | माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इन्जिन जडित उपकरण र इन्धन ज्वलन गरी रयाफ्टिङ कार्य वा क्रुज संचालन गर्ने । | |
| | | तालमा स्थापना हुने हाउस वोट -तैरने घर) संचालन गर्ने | |
| सडक तथा यातायत | १०० मिटर लम्बाईसम्मको पुल निर्माण गर्ने | १०० मिटर भन्दा बढी लम्बाईका पुल - झोलुङ्गे पुल समेत ) निर्माण गर्ने | |
| | स्थानीय सडक स्तरोन्नति गर्ने | २५ किलोमिटरसम्म लम्बाई नयाँ सडक निर्माण गर्ने | २५ कि.मि. भन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ सडक निर्माण गर्ने |
| | | १ देखि ५ कि.मि. सम्मको केबलकार मार्ग निर्माण गर्ने | ५ कि.मि. भन्दा लामो केबलकार मार्ग निर्माण गर्ने |

| | | | |
|---|---|---|---|
| | | ५ देखि ५० कि.मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने | ५० कि.मि. भन्दा बढी रज्जुमार्ग निर्माण गर्ने |
| | | सडक प्रयोजनका लागि १ देखि ३ किलोमिटरसम्म सुरुङ्ग बनाउने | सडक प्रयोजनका लागि ३ किलोमिटर भन्दा बढी लम्बाइको सुरुङ्ग बनाउने |
| | | चारपाङ्ग्रे सवारी सञ्चालन पुल ( फ्लाई ओभर) निर्माण गर्ने | |
| | | सार्वजानिक यातायतको लागि मोनो रेलमार्ग सञ्चालन गर्ने | |
| उर्जा, जलस्रोत र सिंचाई | १०० हेक्टरसम्म लिफ्ट सिंचाई आयोजना निर्माण गर्ने | १०० हेक्टर भन्दा बढीको लिफ्ट सिंचाई आयोजना निर्माण गर्ने | बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने |
| | | तराई वा भित्री मधेशमा २०० देखि २,००० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने | तराई वा भित्री मधेशमा २,००० हेक्टर भन्दा बढीको क्षेत्र सिंचाई गर्ने |
| | | पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्रमा सिंचाई गर्नें | पहाडी उपत्यका र टारमा ५०० हेक्टर भन्दा बढीको क्षेत्र सिंचाई गर्ने |
| | | पहाडी भिरालो पाखा वा पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्रमा सिंचाई गर्ने | पहाडी भिरालो पाखो वा पर्वतीय क्षेत्रमा २०० हेक्टरभन्दा बढी क्षेत्र सिंचाई गर्ने |
| | | सिंचाईको पुनरुत्थान प्रणाली अन्तर्गत विद्यमान प्रणाली भित्रका सिंचाई आयोजनामा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना संचालन | |

| | | | |
|---|---|---|---|
| | | गर्ने | |
| | | २५ देखि १०० जनासम्म स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि | १०० जना भन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत |
| | | जलस्रोत विकास कार्य गर्ने | विकास कार्य गर्ने |
| | | १० किलोमिटर भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने | |
| ६६ के.भि. सम्मको विद्युत प्रसारण लाइन आयोजनाको लागि वन क्षेत्रको प्रयोग गर्ने | १३२ के.भि. वा सो भन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने | विद्युत प्रसारण लाइन निर्माण बाहेक अन्य प्रयोजनको लागि ५ हेक्टर भन्दा बढी वन क्षेत्र प्रयोग गर्ने | |
| | | विद्यमान २२० के.भि. वा सो भन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट टयाप गरी नयाँ आउटडोर सवस्टेशन निर्माण गर्ने | |
| | | १ देखि ५० मेगावट क्षमता सम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने | |

| | | | |
|---|---|---|---|
| | | १५०० घनमिटर भन्दा बढी क्षमताको वायोग्यास प्लाण्ट निर्माण गर्ने | |
| | | १ देखि १० मेगावाट क्षमतासम्मको सौर्य उर्जाबाट विद्युत उत्पादन आयोजना संचालन गर्नेप | १० मेगावाट भन्दा बढी क्षमताको सौर्य उर्जाबाट विद्युत उत्पादन आयोजना संचालन गर्ने |
| | | १ देखि १० मेगावाट क्षमतासम्मको वायु उर्जाबाट विद्युत उत्पादन आयोजना संचालन गर्ने | १० मेगावाट भन्दा बढी क्षमताको वायु उर्जाबाट विद्युत उत्पादन आयोजना संचालन गर्ने |
| | | ०.५ देखि २ मेगावाट क्षमतासम्मको जैविक | २ मेगावाट भन्दा बढी क्षमताको जैविक |
| | | उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने | उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने |
| | | चिनी उद्योग क्षेत्रभित्रको उखु पेलीसकेपछि निस्कने खोस्टा Bagasse बाट विद्युत सहउत्पादन Co-generation हुने आयोजना संचालन गर्ने | |
| आवास, भवन, वस्ती तथा शहरी विकास | ७ देखी १० तल्ला वा १५.५ देखी २५ मिटरसम्म उचाईका भवन निर्माण गर्ने | ११ तला वा २५ मिटर भन्दा बढी र १६ तला वा ५० मिटरसम्म उचाई भएका भवन निर्मान गर्ने | १६ तला वा ५० मिटर भन्दा बढी उचाई भएका भवन निर्माण गर्ने |
| | ३०० देखी ५००० वर्गमिटर क्षेत्रफलसम्मको Built up Area वा Floor area भएको आवासीय, | ५,००० देखी १०, ००० वर्गमिटर क्षेत्रफलसम्मको Built up Areaवा Floor Area भएको आवसीय, व्यावसायिक, वा आवासीय र दुबै प्रकृतिको | १०,००० वर्गमिटर क्षेत्रफल भन्दा बढीको Built Area वा Floor area भएको आवासीय, व्यवसायिक, वा आवासीय |

| | | | |
|---|---|---|---|
| | व्यावासायिक, वा आवासीय र दुबै प्रकृति भएको भवन निर्माण गर्ने | संयूत्तक्त भवन निर्माण गर्ने | र दुबै प्रकृतिको संयूक्त भवन निर्माण गर्ने । |
| | ५०० देखि १,००० जनासम्म एकैपटक आगमन वा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन रङ्गशाला, कन्सर्ट हल, स्पोर्टस् कम्प्लेक्स निर्माण गर्ने | १,००० देखि २,००० जनासम्म एकैपटक आगमन वा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन रङ्गशाला, कन्सर्ट हल, स्पोर्टस् कम्प्लेक्स् निर्माण गर्ने | २,००० जना भन्दा बढी एकै आगमन वा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन रङ्गशाला, कन्सर्ट हल, स्पोर्टस् कम्प्लेक्स् निर्माण गर्ने |
| | ५ देखि १० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने | १० देखी १०० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने | १०० हेक्टर भन्दा बढीको जग्गा विकास आयोजना सञ्चालन गर्ने |
| | १ देखी ५ हेक्टर सम्मको Hard surface payment को Bus Park वा Parking lot निर्माण गर्ने | ५ हेक्टर भन्दा बढीको Hard surface payment को Bus parkवा Parking lot निर्माण गर्ने | |
| | ५००० देखि १०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा संञ्चालन गर्ने | १०,००० देखि २०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्ने | २०,००० लिटर भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्ने |
| | | १ देखि ५ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने | ५ हेक्टर भन्दा बढी क्षेत्रमा आवास विकास गर्ने |

| | | | |
|---|---|---|---|
| | | २०,००० घनमिटरभन्दा बढी माटो पुर्ने तथा माटो काटी site Develop गर्ने | कृषि योग्य भूमिमा शहरीकरण गर्ने |
| उद्योग र व्यवसाय | वन बाहेक अन्य क्षेत्रमा १० हेक्टरसम्मको क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने | दैनिक १ मे. ट. भन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने | |
| | दैनिक २५ मेट्रिक टनसम्म बालुवा प्रशोधन उद्योग स्थापना गर्ने | दैनिक २५ मेट्रिक टन भन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने | |
| | नदी नाला सतहबाट दैनिक १०० घनमिटर सम्म वालुवा,ग्राभेल, गिर्खा माटो निकाल्ने | दैनिक १००० मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने | दैनिक १००० मे.ट. भन्दा बढी क्षमताको क्रसर उद्योग स्थापना गर्ने |
| | मेशिन उपकरणमा १ देखि ५ करोड रुपैया सम्म लगानी भएको वर्कसप -मर्मत संभार समेत स्थापना तथा सञ्चालन गर्ने | दैनिक १० मेट्रिक टन भन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने | |
| | | पाइपलाइन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेण्ड १० लिटर भन्दा बढीको दरले पानी प्रशोध गर्ने उद्योग स्थापना गर्ने | |
| | | बार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने | |

| | | | |
|---|---|---|---|
| | | उद्योग स्थापना गर्ने | |
| | | दैनिक १० हजार भन्दा बढी Compressed Bricks Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने | |
| | | Mosquito Repellent-झोल,क्वाइल, टयाबलेट, लोसन), धुपआदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने<br><br>परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग -गलैचा, पस्मिना समेत) स्थापना गर्ने | |
| | | गाडी, मोटरसाईकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साईकल/रिक्सा -इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्बलिङ गर्ने उद्योग स्थापना गर्ने | |
| स्वास्थ्य | १६ देखि २५ शैयासम्मको अस्पताल, नर्सिङ्ग | २६ देखि १०० शैयासम्मको अस्पताल, नर्सिङ्ग | १०० शैया भन्दा बढीको अस्पताल, नर्सिङ्ग |
| | होम वा चिकित्सा व्यावसाय सञ्चालन गर्ने | होम वा चिकित्सा व्यावसाय सञ्चालन गर्ने | होम वा चिकित्सा व्यावसाय सञ्चालन गर्ने |
| खानी | दैनिक २५ मेट्रिक | नदीनालाको सतहबाट दैनिक | नदीनालाको सतहबाट |

| | | | |
|---|---|---|---|
| | टनसम्म वालुवा प्रशोधन गर्ने | १०० देखि ३०० घ.मि. सम्म वालुवा, ग्राभेल र गिर्खा माटो निकाल्ने | दैनिक ३०० घ.मि. भन्दा बढी वालुवा, ग्राभेल र गिर्खा माटो निकाल्ने |
| | साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, वालुवा, ग्राभेल र औद्योगिक माटो र साधारण माटो उत्खननको लागि दैनिक ५० घनमिटर सम्म उत्खनन कार्य गर्ने | साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, वालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटो दैनिक ५० देखि ५०० घनमिटरसम्म उत्खननको कार्य गर्ने | साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, वालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको लागि दैनिक ५०० घ.मि. भन्दा बढीको उत्खननको कार्य गर्ने |
| कृषि तथा पशु | | महानगरक्षेत्रभित्र तराईमा १ हेक्टरभन्दा बढी र अन्य ठाउँमा ०.५ हेक्टर भन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने | पहाडमा १ हेक्टर भन्दा बढी र तराईमा ५ हेक्टर भन्दा बढी राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने |
| | | अनुमती प्राप्त बधशाला निर्माण | |
| | | ३०,००० भन्दा बढी पंक्षीजाती पाल्नको लागि निर्माण कार्य गर्ने | |
| | | १,००० भन्दा बढी ठुला चौपाया पाल्नको लागि निर्माण कार्य गर्ने | |
| | | ५,००० भन्दा बढी साना चौपाया (भेडा बाखा) पाल्नको लागि निर्माण कार्य गर्ने | |
| | | २,००० भन्दा बढी बंगुरसुँगुर पाल्नको लागि निर्माण कार्य गर्ने | |
| | | प्यारेण्ट र ग्राण्ड प्यारेण्ट कुखुरापालन तथा ह्याचरी | |

| | | | |
|---|---|---|---|
| | | सञ्चालन गर्न निर्माण गर्ने | |
| | | म्याद नाघेका विषादी (सूचीत विषादीको हकमा मात्र) को भण्डारण तथा विसर्जन गर्ने | जीवनाशक विषादी ( सूचीत विषादीको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने |
| | | दैनिक १०,००० भन्दा बढी क्षमताको दुग्ध प्रशोधन( दुधको परिकार समेत) उद्योग स्थापना गर्ने | |
| | | १००० मेट्रिन टन भन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने | |
| | | दैनिक २ देखि १० मेट्रिक टनसम्म प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने | दैनिक १० मेट्रिक टन भन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने |
| खानेपानी तथा ढल निर्माण | | सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS) भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ५० देखि ७५ प्रतिशत सम्म सुख्खा समयमा आपूर्ती गर्ने | सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड LPSभन्दा बढी सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ती गर्ने |
| | | प्रतिसेकेण्ड १०० लिटर भन्दा बढी को दरले पानी प्रशोधन गर्ने | प्रतिसेकेण्ड ५०० लिटर भन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोत सम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने |
| | | १ देखि ३ कि.मि. सम्मको सुरुङ निर्माण गरी खानेपानी | ३ कि.मि. भन्दा बढीको सुरुङ निर्माण गरी |

| | | | |
|---|---|---|---|
| | | आयोजना सञ्चालन गर्ने | खानेपानी आयोजना सञ्चालन गर्ने |
| | | खानेपानी आयोजना सञ्चालनको लागि २५ देखि १०० जना सम्म जनसंख्या विस्थापन गर्ने | खानेपानी आयोजना सञ्चालनको लागि १०० जना भन्दा बढी जनसंख्या विस्थापन गर्ने |
| | | ट्रिटमेण्ट सहितको ढल निकास सिस्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने | जैविक तथा रासायनिक प्रदुषण हुने स्रोत वा तीनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने |
| | | ५० हजार देखि २ लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ती गर्न नयाँ स्रोत जोड्ने | २ लाख भन्दा बढी जनसंख्यालाई खाने पानी आपुर्ती गर्ने |
| | | ५० हजार देखि २ लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ती गर्न नयाँ स्रोत जोड्ने | २ लाख भन्दा बढी जनसंख्यालाई खाने पानी आपुर्ती गर्न नयाँ स्रोत जोड्ने |
| फोहोरमैला व्यवस्थापन | १० हेक्टर बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी कार्य गर्ने | बार्षिक १,००० देखि ५,००० टनसम्म फोहोर जमिनमा भर्ने | बार्षिक ५,००० टन भन्दा बढी फोहोर जमीनमा भर्ने |
| | | ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकेभरी एरिया सम्बन्धी कार्य गर्ने | १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी कार्य गर्ने |
| | | ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, | १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, |

| | | | |
|---|---|---|---|
| | | यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट गर्ने, केलाउने, तह लगाउने र पुन : प्रयोग गर्ने | यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट गर्ने, केलाउने, तह लगाउने । पुन : प्रयोग गर्ने |
| | | ५०,००० सम्म जनसंख्यालाई टेवा पुऱ्याउने उद्देश्यले संचालन हुने ढल निकास, सरसफाई वा फोहोर व्यवस्थापन कार्य गर्ने | ५०,००० भन्दा बढी जनसंख्यालाई टेवा पुऱ्याउने उद्देश्यले संचालन हुने ढल निकास, सरसफाई वा फोहोर व्यवस्थापन कार्य गर्ने |
| | | ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने | १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने |
| | | | कम्तीमा १०,००० जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहोरमैला गाड्ने काम गर्ने |
| | | ५ एम.एल.डि.MLD क्षमतासम्मको ढल व्यवस्थापन आयोजना संचालन गर्ने | ५ एम.एल.डि.MLD क्षमतासम्मको ढल व्यवस्थापन आयोजना संचालन गर्ने |
| | | | देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहोरमैला सम्बन्धी निर्माण काम गर्ने :<br>(क) फोहोरमैला संयन्त्र निर्माण<br>(ख) फोहोरमैला रिकभरी |

| | | | |
|---|---|---|---|
| | | | प्लाण्ट निर्माण<br>(ग) फोहोरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण |
| | | | (घ) फोहोरमैला भण्डारण गर्ने ठाउँको निर्माण<br>(ङ) फोहोरमैला ट्रिटमेण्ट सुविधाको निर्माण |
| | | | जोखिमपूर्ण फोहोर पदार्थ सम्बन्धी देहायका काम गर्ने :<br>(क) कम्तीमा २५ शैयया भएको प्राथमिक स्वस्थ्य केन्द्र, अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिमपूर्ण पदार्थको अन्मि निष्कासन व्यवस्थापन गर्ने<br>(ख) कुनै पनि हानिकारक पदार्थलाई भष्म वा पुन : प्रयोग गर्नको लागि १ हेक्टर वा सो भन्दा बढी क्षेत्रफलको जमीन प्रयोग गर्ने र उर्जा सम्बन्धी कुनै काम गर्ने |

# अनुसूची-२

## (दफा ३ को उपदफा ६ सँग सम्बन्धित)

## वातावरणीय अध्ययन सम्बन्धी प्रवाह चित्र, प्रभाव पहिचान तथा अध्ययन सूची र औजार

### संक्षिप्त वातावरणीय अध्ययन

प्रस्ताव छनौट तथा सूची तयार गर्ने
(दफा ३ को उपदफा (१) देखि (३) र अनुसूची १ बमोजिम)

संक्षिप्त वातावरणीय अध्ययन गर्ने
(अनुसूची १ को पहिलो महल अन्तर्गत गर्ने प्रस्ताव )

कार्यसूची तयार गर्ने
(दफा ४ को उपदफा (१) बमोजिम अनुसूची ३ को ढाँचामा)

कार्यसूची पेश तथा स्वीकृत गर्ने
(दफा ४ को उपदफा (२) बमोजिम पेश गर्ने र (३) बमोजिम पेश भएको १५ दिन भित्र स्वीकृत गर्ने

सार्वजनिक सुनुवाई सूचना टाँस तथा प्रकाशन गर्ने
(दफा ५ को उपदफा (३) र (४) बमोजिम)

सार्वजनिक सुनुवाईको आयोजना गर्ने
(दफा ५ बमोजिम)

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने (दफा ६ को उपदफा (१) र (२) बमोजिम अनुसूची ६ को ढाँचामा)

सात दिनको सार्वजनिक सूचना टाँस तथा प्रकाशन गर्ने (दफा ६ को उपदफा (३),(४) र (५) बमोजिम अनुसूची ८ को ढाँचामा

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने (दफा ७ को उपदफा (१) बमोजिम)

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने (दफा ७ को उपदफा (४) र (५) बमोजिम प्राप्त भएको १५ दिन भित्र )

प्रस्ताव कार्यान्वयन गर्ने (दफा १० देखि ११ बमोजिम)

अनुगमन गर्ने (दफा १२ देखि २४ बमोजिम)

गुनासो व्यवस्थापन गर्ने (दफा २५ बमोजिम)

# संक्षिप्त वातावरणीय अध्ययनको कार्यविधि



**अनुसूची-२**
**(दफा ३ को उपदफा ६ सँग सम्बन्धित)**
**<u>वातावरणीय अध्ययन सम्बन्धी प्रवाह चित्र, प्रभाव पहिचान तथा अध्ययन सूची र औजार</u>**

## <u>प्रारम्भिक वातावरणीय अध्ययन</u>

प्रस्ताव छनौट तथा सूची तयार गर्ने
(दफा ३ को उपदफा (१) देखि (३) र अनुसूची १ बमोजिम)

प्रारम्भिक वातावरणीय परिक्षण गर्ने
(अनुसूची १ को दोस्रो महल अन्तर्गत गर्ने प्रस्ताव )

कार्यसूची तयार गर्ने
(दफा ४ को उपदफा (१) बमोजिम अनुसूची ४ को ढाँचामा)

कार्यसूची पेश तथा स्वीकृत गर्ने
(दफा ४ को उपदफा (२) बमोजिम पेश गर्ने र (३) बमोजिम पेश भएको १५ दिन भित्र स्वीकृत गर्ने

सार्वजनिक सुनुवाई सूचना टाँस तथा प्रकाशन गर्ने
(दफा ५ को उपदफा (३) र (४) बमोजिम)

सार्वजनिक सुनुवाईको आयोजना गर्ने (दफा ५ बमोजिम)

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने (दफा ६ को उपदफा (१) र (२) बमोजिम अनुसूची ७ को ढाँचामा)

सात दिनको सार्वजनिक सूचना टाँस तथा प्रकाशन गर्ने (दफा ६ को उपदफा (३), (४) र (५) बमोजिम अनुसूची ८ को ढाँचामा

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन पेश गर्ने (दफा ७ को उपदफा (१) बमोजिम)

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने (दफा ७ को उपदफा (४) र (५) बमोजिम प्राप्त भएको १५ दिन भित्र)

प्रस्ताव कार्यान्वयन गर्ने (दफा १० देखि ११ बमोजिम)

अनुगमन गर्ने (दफा १२ देखि २४ बमोजिम)

गुनासो व्यवस्थापन गर्ने (दफा २५ बमोजिम)


प्रारम्भिक वातावरणीय परिक्षणको कार्यविधि
स्क्रीनिंग
स्थलगत निरीक्षण , अवलोकन र अनुगमन
सार्वजनिक छलफल
कार्य सूची
सार्वजनिक सूचना
आयोजना क्षेत्रको विशेषताहरु / सचाकाङ्कहरु
कार्यसूची पेश भएको १५ दिन भित्र स्वीकृत हुनुपर्ने
अन्य आवश्यक कुराहरु उल्लेख गर्ने
प्रस्ताव कार्यन्वयनको विकल्प
वातावरणीय व्यवस्थापन योजना
प्रारम्भिक वातावरणीय परिक्षण
आयोजनाका विशेषताहरु / सचाकाङ्कहरु
वातावरणमा पर्ने प्रभावको अनुमान
क्षेत्रगत अनुसन्धानस्थानीय तथा अन्य , सरोकारवालाहरु सगको छलफल तथा आधारभुत तथ्यांक सकलन
सार्वजनिक सुनुवाईको आयोजना गर्ने
सार्वजनिक सूचना टाँस तथा प्रकाशन गर्ने
प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन पेश गर्ने

ख. नगरपालिकाको अधिकार क्षेत्र भित्रका प्रस्तावको विषयगत क्षेत्र तथा प्रकृति :

वन, वृक्षारोपण तथा हरियाली क्षेत्र : नयाँ बनस्पति उद्यान, वन वीउ वगैचा र प्राणी उद्यान -चिडियाखाना) निर्माण, वाल उद्यान निर्माण ।
सडक क्षेत्र : स्थानीय नयाँ सडक निर्माण तथा स्तरोन्नति, १०० मिटर सम्मको पुल निर्माण ।
पर्यटन क्षेत्र : स्थानीय तहबाट अनुमति दिने होटेल वा रिसोर्ट स्थापना तथा सञ्चालन ।
उर्जा, जलस्रोत र सिंचाई क्षेत्र : लिफ्ट सिंचाई, पहाड भिरालो पाखोमा सिंचाई, बहुउद्देशीय जलाशय निर्माण, विद्युत प्रसारण लाईन निर्माण तथा विस्तार, विद्युत उत्पादन ।
आवास, भवन, वस्ती तथा शहरी विकास क्षेत्र : आवासीय, व्यवसायिक र दुवै प्रकृतिको भवन निर्माण, जग्गा विकास आयोजना,आवास विकास कार्यक्रम ।
उद्योग तथा व्यवसाय क्षेत्र : औद्योगिक ग्राम, चिया, कफी, जडिबुटी आदि प्रशोधन उद्योग, वालुवा प्रशोधन वा क्रसर उद्योग इट्टा टायल उद्योग ।
स्वास्थ्य क्षेत्र : अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय स्थापना र सञ्चालन
शिक्ष क्षेत्र : शिक्षण अस्पताल  स्थापना र संचालन
खानी क्षेत्र : ढुङ्गा,वालुवा ग्राभेल र गिर्खा माटो निकाल्ने कार्य
कृषि क्षेत्र : व्यवसाय व्यवसायिक पशुपंक्षी पालन, कृषि थोक बजार स्थापना र बधशाला निर्माण
खानेपानी तथा ढल निकास क्षेत्र : ट्रिटमेण्ट सहितको ढल निकास तथा खानेपानी आयोजना सञ्चालन, खानेपानी आपूर्ती
फोहोरमैला व्यवस्थापन क्षेत्रः फोहोरमैला जमिनमुनी व्यवस्थापन, रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट गर्ने, केलाउने, तह लगाउने र पुनः प्रयोग

ग.वातावरणीय अध्ययनको प्रकार

संक्षिप्त वातावरणीय अध्ययन
प्रारम्भिक वातावरणीय अध्ययन
वातावरणीय प्रभाव मूल्याङ्कन

घ. वातावरणीय अध्ययनका लागि तथ्याङ्क तथा विवरण सङ्कलन सूची तथा अध्ययन विधि र औजार

| वातावरणीय अध्ययन सम्बन्धी तथ्याङ्क सङ्कलन सूची | अध्ययन विधि तथा औजार |
|---|---|
| जैविक : वनस्पति, जीवजन्तु, प्राकृतिक वासस्थान, वन | धरातलीय हिडाई तथा प्रत्यक्ष अवलोकन |
| जङ्गल तथा जैविक र पारिस्थितिकीय विविधता | अप्रक्ष्यक्ष संकेत सर्वेक्षण वा क्यामेरा ट्रयापिङ<br>नमूना सर्वेक्षण<br>मुख्य जानिफकार अन्तर्वार्ता तथा लक्षित समूह छलफल |
| भौतिक तथा रासायनिक वातावरण : जमीन, वायुमण्डल, पानी, ध्वनी, मानव निर्मित वस्तु, हावा, भोगोलिक र भौगर्भिक स्थिति, जलवायु परिवर्तन तथा विपद जोखिमको अवस्था | धरातलीय हिडाई तथा प्रत्यक्ष अवलोकन<br>हावा, पानी तथा माटोको नमूना सर्वेक्षण<br>ध्वनीको तहगत मापन तथा प्रदूषणको अवस्था पहिचान आदि |
| सामाजिक आर्थिक : जनसंख्या, विस्थापन, जनस्वास्थ्य, उद्यम व्यवसाय तथा जीविकोपार्जन, उत्पादनशिल श्रोत साधन, शिक्षा, लैङ्गिक तथा समाजिक समावेशिकरण, खाने पानी, सामाजिक मूल्यमान्यता | प्रत्यक्ष अवलोकन<br>खण्डिक्रित तथ्याङ्क संकलन<br>लक्षित समूह निर्धारण<br>जनगणना तथा घरपरिवार सर्वेक्षण<br>लक्षित समूह तथा सरोकारवाला छलफल<br>मुख्य जानिफकार अन्तर्वार्ता<br>सार्वजनिक बहस<br>मेडिया सर्वेक्षण तथा रेकर्ड |
| साँस्कृतिकः साँस्कृतिक सम्पदा, धार्मिक तथा साँस्कृतिक मूल्य मान्याताहरु तथा चालचलन | सहभागितामूलक अवलोकन<br>लक्षित समूह तथा सरोकारवाला छलफल<br>मुख्य जानिफकार अन्तर्वार्ता<br>सार्वजनिक बहस |
| अन्य : सेवा सुविध उपलब्धता र उपयोग सहभागिता मूलक अवलोकन | लक्षित समूह तथा सरोकारवाला छलफल<br>मुख्य जानीफकार अन्तर्वार्ता<br>सार्वजनिक बहस |

ङ. वातावरणीय अध्ययनका प्रमुख सवालहरुको प्राथमिकता निर्धारण

जैविक तथा पारिस्थितिकीय

भौतिक तथा रासायनिक

सामाजिक, आर्थिक र सँस्कृतिक

जलवायु परिवर्तन तथा विपत जोखिम

अन्य

च. वातावरणमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभाव पहिचान, आँकलन तथा प्राथमिकता निर्धारण

| वातावरणीय प्रभावका क्षेत्र | सकारात्मक प्रभाव | नकारात्मक प्रभाव |
|---|---|---|
| क. निर्माण अघिको चरण | | |
| जैविक | | |
| भौतिक तथा रसायनिक | | |
| सामाजिक तथा आर्थिक | | |
| साँस्कृतिक | | |
| अन्य | | |
| ख. निर्माणको चरण | | |
| जैविक | | |
| भौतिक तथा रासायनिक | | |
| सामाजिक तथा आर्थिक | | |
| साँस्कृतिक | | |
| अन्य | | |
| ग. सञ्चालनको चरण | | |
| जैविक | | |
| भौतिक तथा रसायनिक | | |
| सामाजिक तथा आर्थिक | | |
| साँस्कृतिक | | |
| अन्य | | |

**अनुसूची-३**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी कार्यसूचीको ढाँचा**

(आवरण पृष्ठको ढाँचा)

..........(प्रस्तावको नाम)..............

संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना :

प्रस्तावक :

............(प्रस्तावकको नाम । ठेगाना)

.............(महिना),..........(वर्ष)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. प्रस्तावको :

सामान्य परिचय
आयोजना तथा कार्यक्रमको विवरण
आयोजना तथा कार्यक्रमको आवश्यकता तथा सान्दर्भिकता

३. प्रस्ताव तयार गर्दा विचार गर्नु पर्ने नीति ऐन, नियम, निर्देशिका तथा अन्तराष्ट्रिय सन्धि सम्झौता :

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास सकारात्मक तथा नकारात्मक प्रभाव :

जैविक तथा पारिस्थितिकीय :
भौतिक :
सामाजिक-आर्थिक :
साँस्कृतिक :
रासायनिक :

५. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

६. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषय तथा औजारहरु :

७. जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम पर्ने असर :

८. अन्य आवश्यक विषय :

## अनुसूची -४

**(दफा ४ को उपदफा(१) सँग सम्बन्धित)**

**प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूचीको ढाँचा**

(आवरण पृष्ठको ढाँचा)

...............(प्रस्तावको नाम)..................

प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना :

प्रस्तावक :

.........(प्रस्तावकको नाम र ठेगानां)

.......(महिना),...........(वर्ष)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. प्रस्तावको :

सामान्य परिचय

आयोजना तथा कार्यक्रम वितरण
आयोजना तथा कार्यक्रमको आवश्यकता र सान्दर्भिकता

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि :

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति ऐन, नियम, निर्देशिका तथा अन्तराष्ट्रिय सन्धि सम्झौताः

५. प्रतिवेदन तयार गर्दा लाग्ने :

समय :
अनुमानित बजेट :
आवश्यक खण्डिक्रित तथ्याङ्क तथा सूचना :

६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास सकारात्मक तथा नकारात्मक प्रभाव :

जैविक तथा पारिस्थितिकीय :
भौतिक :
सामाजिक आर्थिक :
साँस्कृतिक :
रासायनिक :

७. प्रस्ताव कार्यान्वयनका विकल्प :

डिजाइन :
आयोजना स्थल :
प्राविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ :
अन्य कुरा :

८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

९. प्रस्ताव कार्यान्वयन गर्दा जलवायु परिवर्तन र विपद जोखिममा पर्ने असरसम्बन्धी विषय :

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषय :

११. अन्य आवश्यक विषय :

## अनुसूची-५

### (दफा ५ को उपदफा (७) सँग सम्बन्धित)

### सार्वजनिक सुनुवाईको प्रकृया तथा ढाँचा

वातावरणीय अध्ययन तथा विश्लेषण, नीतिगत तथा कानूनी व्यवस्थाको सर्वमान्यता अनुकुल हुने गरी वातावरणीय अध्ययन प्रक्रियामा गरिने सार्वजनिक सुनुवाईको कार्यविधि देहाय अनुसारको हुनेछ :

१. वातावरणीय अध्ययनको लागि सार्वजनिक सुनुवाई
प्रस्तावित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना तथा कार्यक्रमको बारेको निर्णय प्रक्रियामा सकारात्मक प्रभाव पार्न सरोकारवाला र प्रस्तावकबीच खुल्ला अन्तर्कृया गरी विचार र राय/सुझाव प्रस्तुत गर्ने मञ्च
सामान्यतयाः प्रस्तावको असर क्षेत्रभित्र प्रस्तावक निकायबाट सार्वजनिक सुनुवाईको आयोजना
सार्वजनिक सुनुवाई कार्यक्रमको स्वतन्त्र पेशागत विज्ञहरुद्धारा सहजीकरण

२.वातावरणीय अध्ययन प्रक्रियामा गरिने सार्जजनिक सुनुवाई कार्यक्रमको उद्देश्य
प्रस्तावित आयोजना तथा कार्यक्रम सम्बन्मा वातावरणीय अध्ययनको निष्कर्षबारे प्रभावित समुदायलाई प्रस्तावकबाट जानकारी गराउने मञ्चको आयोजना गर्ने
प्रस्तावित आयोजना तथा कार्यक्रम क्षेत्रको धरातलीय वास्तविक अवस्था र वातावरणीय अध्ययनबाट प्राप्त निष्कर्षको शुद्धता पुष्टयाई तथा रुजु गर्ने
वातावरणीय अध्ययन प्रक्रियमा सम्बन्धित प्रभावित पक्ष तथा सरोकारवालाहरुसँग प्रयाप्त मात्रमा परामर्श गरिएको तथा निर्णय प्रक्रियमा समावेश गराइएको कुराको सुनिश्चित गर्ने ।
प्रभावित, रुची राख्ने तथा सरोकारवाला पक्षले आफूलाई महत्वपूर्ण लागेका र सम्बन्धित विषयमा विचार प्रस्तुत गर्ने अवसर प्रदान गर्ने
प्रस्तावित आयोजना तथा कार्यक्रम र वातावरणीय सरोकारको विषयमा स्थानीय सरकारको प्रतिबद्धता र प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने

३. सार्वजनिक सुनुवाईको बारेमा सार्वजनिक सूचना तथा जानकारी

सार्वजनिक सुनुवाईको मिति, समय र स्थान
सार्वजनिक सुनुवाई हुने प्रस्ताव वा आयोजना तथा कार्यक्रमबारे जानकारी
सहजकर्ता, नगरपालिकाका पदाधिकारी, कर्मचारी र नागरिक समाजका प्रतिनिधिको चिनारी
सुनुवाईमा सहभगी हुने सहभागिको जनकारी
कार्यपालिका कार्यालय, सम्बन्धित वडा कार्यालय लगायत सार्वजनिक स्थलमा सूचना टाँस
स्थानीय प्रिण्ट तथा अनलाइन मिडियामा सूचना प्रकाशन

रेडियो, टेलिभिजन, सामाजिक सञ्जालबाट सूचना सम्प्रेषण
सूचना प्रसारण गर्दा. स्थानीय भाषामा समेत गर्नु पर्ने

४. सार्वजनिक सुनुवाईको प्रक्रिया तथा कार्यविधि

४.१ परिचय कार्यक्रम

अध्ययनकर्ता तथा सहजकर्ता,
नगरपालिकाका पदाधिकारी र सम्बन्धित कर्मचारी,
समुदाय तथा लक्षित समूहाका प्रतिनिधि,
नागरिक समाज वा गैससका प्रतिनिधि,
प्रस्तावित आयोजना तथा कार्यक्रमका लाभान्वित तथा संभाव्य प्रभावित समुदाय वा सहभागी,
स्थानीय जानिफकार र विषयविज्ञ,
स्थानीय राजनीतिक दलका प्रतिनिधि ।

४.२ सार्वजनिक सुनुवाईको ध्येय तथा उद्देश्यबारे जानकारी तथा प्रस्तुती

आयोजनाको विस्तृत परियोजना प्रस्ताव वा कार्यक्रमको व्यवसायिक कार्ययोजना
प्रस्तावित आयोजना तथा कार्यक्रमको सम्बन्धमा स्थलगत अवलोकन, अध्ययन र परामर्शबाट प्राप्त सूचना तथा विवरण
प्रस्ताव (आयोजना तथा कार्यक्रम) बाट स्थानीय जनता, स्थानीय तह, जिल्लालाई पुग्ने प्रमुख फाइदाहरु
प्रस्ताव कार्यन्वयनबाट स्थानीय जनता, स्थानीय तह, जिल्लालाई पुग्ने नकारात्मक असरहरु
नकारात्मक असर न्यूनिकरणमा उपायहरु

४.३ प्रस्तावको सम्बन्धमा प्रभावित समुदाय तथा अन्य सरोकारवालाको धारणा तथा सवाल प्रस्तुती

प्रस्तावको कार्यन्वयन सम्बन्धमा प्रभावित समुदायका विचार तथा सवाल

प्रस्तावको कार्यन्वयन सम्बन्धमा सरोकारवालाको विचार तथा सवाल

४.४ प्रस्तावको प्रतिक्रिया

प्रस्ताव कार्यान्वयनबाट हुने मुख्य समस्या तथा सवाल बारे प्रस्तावकको राय तथा विचार
समस्या तथा सवालको सम्बोधनबारे प्रस्तावकको प्रतिवद्दताबारे जानकारी

### ४.५ विषयविज्ञ तथा सहजकर्ताबाट निष्कर्ष तथा सुझाव प्रस्तुती

कार्यक्रममा प्रस्तुत तथा उठाइएका सवालहरुको विषयविज्ञ तथा सहजकर्ताद्धारा संकलन तथा सँस्लेषण
विषयविज्ञ तथा सहजकर्ताद्धारा निष्कर्ष तथा सुझाव बारे प्रस्तुती र जानकारी
सार्वजनिक सुनुवाईको प्रक्रिया, छलफलका विषय, निष्कर्ष र सुझाव समावेश प्रतिवेदन तयारी
प्रतिवेदन प्रस्तावक समक्ष पेश

## ५. सहभागिता

विषयविज्ञ तथा सहजकर्ता
प्रभावित समुदाय तथा समूहको प्रतिनिधि, लक्षित वर्ग तथा समुदाय
सम्बन्धित वडाका वडाअध्यक्ष वा वडा समितिका सदस्यहरु
नगरपालिका प्रमुख,प्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरु
नागरिक समाज, समुदायमा आधारित समाज तथा मिडियाका प्रतिनिधि
प्रस्तावक संस्थाका प्रतिनिधिहरु

**अनुसूची-६**
**(दफा ६को उपदफा (२) सँग सम्बन्धित)**
**संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा**

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना :

२. प्रस्तावको सारांश :

३. प्रतिवेदनमा रहनु पर्ने विषय :

प्रस्तावको उद्देश्य,
प्रस्ताव कार्यन्वयन हुने क्षेत्रको विस्तृत विवरण,
प्रस्ताव तयारीमा खण्डिक्रित तथ्याङ्क सङ्कलन र विश्लेषणको विधि,
प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने सकारात्मक प्रभाव,
प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने नकारात्मक प्रभाव,
वातावरणीय व्यवस्थापन योजना,
अन्य आवश्यक कुरा,
सन्दर्भ सामाग्री ।

४. प्रतिवेदनमा समावेश हुने वातावरणीय योजनाको खाका देहाय बमोजिम हुनेछ :

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप | के गर्ने? | कहाँ गर्ने ? | कसरी गर्ने ? | कहिले गर्ने ? | कसले गर्ने ? | अनुमानित बजेट जनशक्ति र समय | अनुगमन तथा मूल्याङ्कन विधि |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |
| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्युनीकरणका क्रियाकलाप | के गर्ने ? | काहाँ गर्ने ? | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने ? | अनुमानित बजेट जनशक्ति र समय | अनुगमन तथा मूल्याङ्कन विधि |
| भौतिक क्षेत्र | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |

द्रष्टव्य :-(१) वातावरण व्यवस्थापन योजनाको प्रस्तावमा आयोजना निर्माण अघि, निर्माण तथा सञ्चालनको चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

(२) प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार लक्षित वर्ग, खण्डिक्रित तथ्याङ्क, नक्शा, चित्र, तालिका, चार्ट, ग्राफ संलग्न गर्नु पर्नेछ ।

(३) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

## अनुसूची-७
## (दफा ६को उपदफा (२) सँग  सम्बन्धित)
## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:

२. प्रस्तावको सारांश : -प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा देहायका कुरा संक्षेपमा उल्लेख गर्ने)

प्रस्तावको उद्देश्य :

भू-उपयोग पर्ने असर:

वातावरणमा पर्ने प्रतिकूल प्रभाव:

जनस्वास्थ्य तथा मानव जीवनमा पर्ने असर:

लक्षित वर्ग (महिला, वन्चिति/सिमान्तकृत, जोखिममा परेका) मा पर्ने असर:

जनसङ्ख्या र जीविकोपार्जनमा पर्ने असर:

स्थानीय पूर्वधारमा हुने क्षति:

जलवायु परिवर्तन तथा विपद उत्थानशिलतामा पर्ने असर:

अन्य आवश्यक कुरा:

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने :

(क)  प्रस्तावको किसिम:

प्रशोधन गर्ने,

पत्पादन गर्ने,

जडान गर्ने,

सेवा प्रवाह गर्ने,

अन्य ।

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने:

(ग) प्रस्तावको :

जडान क्षमता :

प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुने :

(घ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने -कति समय सञ्चालन हुँदा कति परिमाणमा निष्कासन हुने हो ) खुलाउनु पर्ने:

ठोस

तरल

हावा

ग्याँस

ध्वनि

धूलो

अन्य ।

(च) प्रयोग हुने ऊर्जाको :

किसिम :
स्रोत :
खपत हुने परिमाण -प्रतिघण्टा, दिन र वर्षमा) :

(छ) जनशक्तिको आवश्यकता कति पर्ने:

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने :

कुल पूँजी:
चालु पूँजी:
जमिनको क्षेत्रफल:
भवन र तिनका किसिम:
मेसिनरी औजार:
अन्य :

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण :

नक्सा :
सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिति :
प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिजवस्तुको विवरण :
हालको स्थिति :
पानीको स्रोत :
फोहोरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था:
प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवत जावत गर्ने बाटो :
उत्पादन प्रक्रिया:
प्रविधिको विवरण:
अन्य आवश्यक कुरा :
(४) प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव:

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव :

मानव स्वास्थ्यमा पर्ने प्रभाव :
लक्षित वर्ग (महिला, वन्चिति/सिमान्तकृत, जोखिममा परेका) मा पर्ने प्रभाव:
जीविकोपार्जनमा पर्ने प्रभाव :
खेती योग्य जमिनमा हुने क्षय :
वन जङ्गलमा पुग्ने क्षय :

सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन :
अन्य :

(ख) जैविक प्रभाव :

जनसङ्ख्या :
वनस्पति तथा जीवजन्तु :
प्राकृतिक वासस्थान र समुदायः

(ग) भौतिक प्रभाव :

जमिन :
वायुमण्डल :
पानी :
ध्वनी :
मानव निर्मित वस्तु :
जलवायु :
अन्य :
५. प्रभाव कार्यान्वयनका विकल्प :
डिजाइन :
आयोजना स्थल :
प्रतिक्रिया, समय-तालिकाः
प्रयोग हुने कच्चा पदार्थः
अन्य आवश्यक कुरा :
६. वातावरणीय व्यवस्थापन योजनाको खाका :
७. अन्य आवश्यक कुरा :
८. प्रतिवेदनमा समावेश हुने वातावरणीय योजनाको खाका देहाय बमोजिम हुनेछ :

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकालाप | के गर्ने? | कहाँ गर्ने ? | कसरी गर्ने ? | कहिले गर्ने ? | कसले गर्ने ? | अनुमानित बजेट जनशक्ति र समय | अनुगमन तथा मूल्याङ्कन विधि तथा औजारहरु |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र | | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |
| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप | के गर्ने ? | कहाँ गर्ने ? | कसरी गर्ने ? | कहिले गर्ने ? | कसले गर्ने ? | अनुमानित बजेट जनशक्ति र समय | अनुगमन तथा मूल्याङ्कन विधि तथा औजारहरु |
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| साँस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |
| | | | | | | | | |

द्रष्टव्यः -(१) वातावरण व्यवस्थापन योजनाको प्रस्तावमा आयोजना निर्माण अघि, निर्माण तथा सञ्चालनको चरणका लागिअलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

(२) प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्याङ्क, नक्शा, चित्र, तालिका, चार्ट, ग्राफ संलग्न गर्नु पर्नेछ ।

(३) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च,बायाँ, १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवै तर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

## अनुसूची-८

### (दफा ६को उपदफा (३) सँग सम्बन्धित)

### वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा

..........आयोजना/कार्यक्रमको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति............)

......प्रदेश.....जिल्ला........नगरपालिका........(प्रस्तावकको नाम उल्लेख गर्ने) द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ...........नाम.......ठेगाना......(ईमेल).....फोन नं. |
| प्रस्तावको व्यहोरा | आयोजना/कार्यक्रमको मुख्य विशेषता उल्लेख गर्ने |
| प्रभाव पर्न सक्ने क्षेत्र | .........जिल्ला........नगरपालिका.......वडा नं. |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली,, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न...............नगरपालिका,..........वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ...........नाम.........ठेगाना............(ईमेल)..........फोन नं. |
| परामर्शदाताको नाम र ठेगाना | ....नाम..........ठेगाना...........(ईमेल).........फोन नं......... |

## अनुसूची-९

**(दफा ६ को उपदफा (८) सँग सम्बन्धित)**

## वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने विज्ञ तथा अध्ययन टोली

क. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रतिवेदन तयारी संलग्न विशेषज्ञहरुः

१. भौतिक विकास विज्ञ (Physical Development Expert): सम्बन्धित विषय जस्तैः सिभिल वा मेकानिकल इञ्जिनियङ्गि, भूगर्भशास्त्र, भूविज्ञान, आर्किटेक्ट, हाइड्रोलोजी वा अन्य सम्बन्धित विषयमा स्नातकोत्तर उपाधी हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन कार्यमा अनुभव भएको

२. वातावरणविद (Environmental Expert): वातावरण विज्ञान वा इञ्जिरियरिङ्गमा स्नातकोत्तर उपाधी हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन कार्यमा अनुभव भएको

३. सामाजिक आर्थिक विज्ञ (Socio-economic Expert) : समाज विज्ञान वा अर्थशास्त्रमा स्नातकोत्तर उपाधी हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन कार्यमा अनुभव भएको

ख.प्रारम्भिक वातावरणीय परीक्षण तथा प्रतिवेदन तयारी संलग्न हुने विशेषज्ञहरुः

१. भौतिक विकास विज्ञ (Physical Development Expert) : सम्बन्धित विषय जस्तैः सिभिल वा मेकानिकल इञ्जिनियरिङ्ग, भूगर्भशास्त्र, भूविज्ञान, आर्किटेक्ट, हाइड्रोलोजी वा अन्य सम्बन्धित विषयमा स्नातकोत्तर उपाधी हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन कार्यमा अनुभव भएको

२. वातावरणविद (Environmental Expert): वातावरण विज्ञान वा इञ्जिरियरिङ्गमा स्नातकोत्तर उपाधी हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन कार्यमा अनुभव भएको

३. सामाजिक आर्थिक विज्ञ (Socio-economic Expert) : समाज विज्ञान वा अर्थशास्त्रमा स्नातकोत्तर उपाधी हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन कार्यमा अनुभव भएका

४. आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञः Civil Engineer, Architect, Economist, Agriculture, Forest/Biodiversity Expert, WASH Engineer, Mechanical Engineer, Hydrologist, Hydrologist, Chemist आदि) जस्तैः

वन तथा वृक्षारोपण र हरियाली क्षेत्रः फरेष्टर वा वायोडाइभरसिटी विज्ञ आदि
सडक, पुल तथा यातायात क्षेत्रः यातायात इञ्जिनियरिङ्ग आदि
पर्यटन क्षेत्रः पर्यटन विज्ञ आदि
उर्जा, जलस्रोत र सिँचाई क्षेत्रः Hydrologist, Irrigation Engineer आदि ।

आवास, भवन, बस्ती तथा शहरी विकास क्षेत्रः भवन इञ्जिनियर वा आर्किटेक्ट
उद्योग तथा व्यवसाय क्षेत्रः अर्थशास्त्री तथा व्यवस्थापन विज्ञ आदि
स्वास्थ्य क्षेत्रः मेडिकल डाक्टर आदि
शिक्षा क्षेत्र : शिक्षाशास्त्री वा मेडिकल डाक्टर आदि
खानी क्षेत्रः भूगर्भशास्त्री आदि
कृषि क्षेत्रः कृषि तथा भेटेनरी विज्ञ आदि
खानेपानी, सरसफाई तथा ढल निकास क्षेत्रः वास इञ्जिनियर आदि

उल्लिखित विज्ञ तथा अध्ययन टोली योग्यता वातावरण सम्बन्धी संघीय कानूनमा तोकिए बमोजिम हुनुपर्नेछ ।

अनुसूची-१०

(दफा १० को उपदफा (१) संग सम्बन्धित)

## वातावरणीय व्यवस्थापन योजनाको ढाँचा

| वातावरणीय प्रभाव | सकारात्मक प्रभाव बढोत्तरी/नकारात्मक असर न्यूनीकरणका क्रियाकलापहरु (के के गर्ने?) | स्थान (कहाँ गर्ने) | सञ्चालन प्रक्रिया (कसरी गर्ने?) | सञ्चालन प्रक्रिया (कसरी गर्ने?) | समय (कहिले गर्ने?) | अनुमानित श्रोत | जिम्मेवारी | अनुगमनको विधि तथा औजारहरु |
|---|---|---|---|---|---|---|---|---|
| क. भौतिक वातावरण | | | | | | | | |
| १. निर्माण अघिको चरण | | | | | | | | |
| | | | | | | | | |
| २. निर्माण चरण | | | | | | | | |
| | | | | | | | | |
| ३. निर्माण पछिको चरण | | | | | | | | |
| | | | | | | | | |
| ख. जैविक वातारण | | | | | | | | |
| १. निर्माण अघिको चरण | | | | | | | | |
| | | | | | | | | |
| २. निर्माण चरण | | | | | | | | |
| | | | | | | | | |
| ३. निर्माण पछिको चरण | | | | | | | | |
| | | | | | | | | |
| ग. सामाजिक, आर्थिक र साँस्कृतिक वातावरण | | | | | | | | |
| १. निर्माण अघिको चरण | | | | | | | | |
| | | | | | | | | |
| २. निर्माण चरण | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| ३. निर्माण पछिको चरण | | | | | | | | |
| | | | | | | | | |

अनुसूची-११

(दफा ११को उपदफा -९) संग सम्बन्धित)

## वातावरणीयप्रस्ताव कार्यान्वयन अनुगमनको ढाँचा

| अनुगमनका प्रकार | अनुगमनका सूचक | अनुगमनको विधि तथा औजारहरु | अनुगमनको स्थान | अनुगमनको समय (आबृत्ति) | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक अवस्थाको अनुगमन | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| २. प्रभाव अनुगमन | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ३. नियमपालन अनुगमन | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-१२

(दफा २० संग सम्बन्धित)

**(क) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची प्रतिवेदनको समीक्षा तथा स्वीकृत गर्दा ध्यान दिनु पर्ने** विषय (**चेकलिष्ट**)

१. प्रस्तावको छनौट संघीय वातावरण संरक्षण नियमावली, २०७७ तथा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि अनुसार भएको हु**नु** पर्ने ( नगरपालिकाको अधिकार क्षेत्रका प्रस्तावहरुको वातावरणीय अध्ययनको सीमा थ्रेसहोल्ड अनुसार भएको हु**नु** पर्ने) ।

२. प्रस्तावको सर्वेक्षण अनुमति प्राप्त भएको हु**नु** पर्ने ।

३. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणका लागि संभाव्यता अध्ययन सहमति प्राप्त भएको हु**नु** पर्ने (संरक्षण क्षेत्र भित्रका प्रस्तावहरुका लागि) ।

४. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणको  अध्ययन लागि सहमति प्राप्त भएको हु**नु** पर्ने (सरंक्षण क्षेत्र भित्रका प्रस्तावहरुका लागी) ।

५. कार्यसूचीको तयारीको सिलसिलामा सुझावका लागि सार्वजनिक सूचना राष्ट्रिय दैनिक र स्थानीय स्तरमा प्रकाशित गरेको हु**नु** पर्ने ।

६. कार्यसूची संघीय वातावरण संरक्षण नियमावली, २०७७ तथा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि अनुसारको ढाँचामा तयार भएको हु**नु** पर्ने ।

७. प्रस्तावित विज्ञहरुको योग्यता संघीय वातावरण संरक्षण नियमावली, २०७७ तथा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि अनुसार भएको हु**नु** पर्ने ।

८. वातावरणीय अध्ययनका लागि प्रस्तावित विज्ञहरुको स्वघोषणा भएको हु**नु** पर्ने ।

**(ख) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण** अध्ययन **प्रतिवेदनको समीक्षा तथा स्वीकृत गर्दा ध्यान दिनु पर्ने** विषय (**चेकलिष्ट**)

१. कार्यसूची स्वीकृत भएको हु**नु** पर्ने ।

२. **स्वीकृत** कार्यसूची अनुसार **संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण** अध्ययन अध्ययन विधि तथा प्रकिया **अपना**एको हु**नु** पर्ने ।

३. संघीय वातावरण संरक्षण नियमावली, २०७७ तथा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि अनुसारको ढाँचामा अध्ययन प्रतिवेदन तयार भएको हु**नु** पर्ने ।

४. अध्ययन प्रतिवेदनको सार्वजनिक सुनुवाईको लागि सार्वजनिक सूचना राष्ट्रिय दैनिक र स्थानीय स्तरमा प्रकाशित भएको हु**नु** पर्ने ।

५. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनमा सार्वजनिक सुनुवाईको माइन्युट भएको हुनु पर्ने ।

६. वातावरणीय अध्ययनका लागि प्रस्तावित विज्ञहरुको स्वघोषणा भएको हु**नु** पर्ने ।

७. सम्बधित निकायको सिफारिस पत्रहरु भएको हु**नु** पर्ने ।

८. संघीय वातावरण संरक्षण नियमावली, २०७७ तथा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि अनुसारको भाषामा प्रतिवेदन तयार भएको हु**नु** पर्ने ।

अनुसूची-१३

(दफा २१ संग सम्बन्धित)

संघीय वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रस्तावहरुको वातावरणीय अध्ययनको सीमा

## संक्षिप्त बातावरणीय अध्ययन गर्नु पर्ने प्रस्ताव

**(क) वन क्षेत्र :**

(१) १० देखि ५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षरोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा १० हेक्टरसम्माको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षरोपण गर्ने,

(३) २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैचा वा प्राणी उद्यान -चिडियाखाना) निर्माण गर्ने,

(४) आयातित जङ्गली जनावर वन क्षेत्रमा छाड्ने

(५) वन क्षेत्र, मध्यवती क्षेत्र वा संरक्षण क्षेत्रभित्र रहेका प्रत्येक नदी, खोलाबाट दैनिक ५० घन मिटरसम्मा  बालुवा, ढुङ्गा, ग्राभेल र माटो संङ्कलन गर्ने,

(६)  १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने,

(७) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टनसम्म  खोटो  संङ्कलन गर्ने,

(८) मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा निजी जग्गा बाहेक अन्यत्र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपभोक्त समूह मार्फत, निर्माण तथा सञ्चालन गर्ने आयोजना निर्माण गर्ने,

(९ आनुवांशिक स्रोत माथि पहुँच, उपयोग र लाभको बाँडफाँड गर्ने,

(१०) तराईमा २० हेक्टरसम्म र पहाडमा ५ हेक्टरसम्म क्षेत्रफलको वन क्षेत्र व्यावसायिक कबुलियती वनको रुपमा दिने,

(११)  नेपाल सरकारले वन अनुसन्धान  प्रयोजनका लागि वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने,

(१२) ५ देखि १० किलोमिटर सम्माको लम्बाईको वन तथ वा अग्नी रेखा निर्माण  गर्ने,

(१३) देहायका प्रस्तावहरु :

(क) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रबाट व्यावसायिक प्रयोजन बाहेक आयोजना सञ्चालक आफैँले सञ्चालन गर्ने विकास निर्माणका लागि आवश्यक पर्ने बालुवा, ढुङ्गा, ग्राभेल र माटो दैनिक ५० घनमिटर सम्म निकाल्ने कार्य ।

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्रमा रहेका निजी बाहेकका जग्गामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपभोक्ता समूह मार्फत निर्माण तथा सञ्चालन गर्ने आयोजना ।

**(ख) स्वास्थ्य क्षेत्र :** १६ देखि २५ शैयया सम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने ।

**(ग) पर्यटन क्षेत्र :** २५ देखि ५० बेडसम्मको होटेल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने ।

**(घ) सडक क्षेत्र :**

(१) १०० मिटर लम्बाईसम्मको पुल निर्माण गर्ने,

(२) स्थानीय सडक निर्माण गर्ने ।

**(ङ) ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्र :**

(१) १०० हेक्टरसम्म लिफ्ट सिँचाइ आयोजना निर्माण गर्ने,

(२) ६६ के.भी. सम्माको विद्युत् प्रसारण लाइन आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्ने,

(३) जल तथा मौसम मापन केन्द्र वा मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्ने ।

**(च) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र :**

(१)७ देखि १० तल्ला वा १५.५ देखि २५ मिटरसम्म उचाइका भवन निर्माण गर्ने,

(२) ३,००० देखि ५,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Areaवा Floor Areaभएको आवासीय, व्यावसायिक वा आवासिय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(३) ५०० देखि १,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, सङ्गशाला, कन्सर्ट हल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(४) ५ देखि १० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने,

(५) १ देखि ५ हेक्टरसम्म Hard Surface Pavement ( Dry Port, Bus Park, Parking Lotआदि निर्माण गर्ने,

(६) ५,००० देखि १०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने ।

**(छ) उद्योग क्षेत्र :**

(१) मेसिन उपकरणमा १ देखि ५ करोड रुपैयाँसम्म लगानी भए वर्कशप -मर्मत सम्भार गर्ने समेत) स्थापना तथा सञ्चालन गर्ने,

(२) वन क्षेत्र बाहेक अन्य स्थापनमा १० हेक्टरसम्मको क्षेत्रमा औधोगिक ग्राम स्थापना गर्ने,

(३) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्ग, बालुवा, ग्राभेल, औधोगि माटो र साधारण माटो उत्खननको लागि दैनिक ५० घन मिटरसम्म उत्खनन् कार्य गर्ने,

(४) नदी नाला सतहबाट दैनिक १०० घनमिटर सम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने ।

**(ज) शिक्षा क्षेत्र :** ५० शैययासम्मको शिक्षण अस्पताल सञ्चालन गर्ने ।

**(झ) खानी क्षेत्र :**

(१) दैनिक २५ मेट्रिक टनसम्म बालुवा प्रशोधन गर्ने,

(२) साधारण निर्माणमुखी ढुङ्गा, ग्राभेल, औद्योगिक माटोको लागि दैनिक ५० घन मिटरसम्म उत्खनन् गर्ने ।

## प्रारम्भिक वातावरणी परीक्षण गर्नु पर्ने प्रस्ताव

**(क) वन क्षेत्र :**

(१) तराईमा ५० हेक्टर भन्दा बढी देखि ५०० हेक्टरसम्म र पहाडमा ५० हेक्टर भन्दा बढी देखि २५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा तराईमा १० हेक्टर भन्दा बढी देखि २५ हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(३) तराईमा २० हेक्टर भन्दा बढी देखि १०० हेक्टरसम्म र पहाडमा ५ हेक्टर भन्दा बढी देखि ५० हेक्टरसम्म क्षेत्रफलको व्यावसायिक वन कबुलियती वनको रुपमा दिने ।

(४) नेपाल सरकारले वन अनुसन्धान प्रयोजनको लागि वार्षिक १५ हेक्टर भन्दा बढी देखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने,

(५) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्र स्थापना वा विस्तार गर्ने,

(६) २० हेक्टर भन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैंचा र प्राणी उद्यन - चिडियाखाना) निर्माण गर्ने,

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, सिमसार क्षेत्र वा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन कार्ययोजना तयार गर्ने,

(८) देहायको परिमाणमा वन पैदावर सङ्कलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षिय वन कार्यायोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने :

(क) वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो सङ्कलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टनसम्म बोक्रा सङ्कलन गर्ने

(ग) वार्षिक १५० मेट्रिक टनसम्म पात वा डाँठ सङ्कलन गर्ने ( सालसिड रिट्ठा र अमला, तन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) वार्षिक १५० मेट्रिक टनसम्म फूल वा भुवा सङ्कलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टनसम्म फल वा बीज सङ्कलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टनसम्म बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान सङ्कलन गर्ने,

(ज) वार्षिक २, लाख घन फिट भन्दा बढी काठ उत्पादन तथा सङ्कलन गर्ने,

(९) सार्वजानिक बुटयान क्षेत्रमा जडिबुटी वा सुगन्धित वनस्पतिको व्यवसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने,

(१०) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लबाट प्रति प्रजाति २० देखि १०० टनसम्म वन पैदावर सङ्कलन गर्ने,

(११) सरकारद्धार व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सीमसार क्षेत्र वा संरक्षण क्षेत्र भएर वहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घन मिटर भन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने,

(१२) १ देखि ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने,

तर यो निमावली प्रारम्भ हुनुअघि वन क्षेत्रमा सडकको ट्र्याक तयार भएको हकमा सो सडकको स्तरोन्नति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ ।

(१३) वन क्षेत्र, संरक्षण क्षेत्र भित्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्र भित्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्र भित्रको वन क्षेत्रमा २५ शैययासम्मको अस्पताल वा २५ कोठा सम्मको शिक्षण संस्था निर्माण गर्ने,

(१४) स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टर भन्दा बढी क्षेत्रबाट बटान भएका रुखको जरा, ठुटा निकाल्ने,

(१५) बाह्य -एक्जोटिक) तथा मिचाहा -इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना ( Interoduced)लगायत जि.एम.ओ. (Genetically Modified Organism)प्रभावित प्रजाति तथा प्रविधिको स्थापना, प्रसारण तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(१६) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टन भन्दा बढी खोटो संङ्कलन गर्ने,

(१७) १० किलोमिटर भन्दा बढी लम्बाईको वन पथ वा अग्नी रेखा निर्माण गर्ने,

(१८) देहायका प्रस्तावहरु-

(क) मध्यवर्ती क्षेत्र भित्र विद्युत् प्रसारण लाइन वा विद्युत प्रसारण लाइनबाट टयाप गरी नयाँ आउटडोर सबस्टेशन निर्माण कार्य,

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रभित्र १० मेगावाटसम्मको विद्युत आयोजना वा १३२ के.भि. वा सो भन्दा क मभोल्टेजस्तरका विद्युत प्रसारण वा वितरण लाइन र सो अन्तर्गतका सबस्टेशन निर्माण कार्य ।

**(ख) उद्योग क्षेत्र :**

(१) ब्लेण्डिङ्ग  प्रतिक्रियबाट मदिरा उत्पादन गर्ने वा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी वा वाइनरी उद्योग स्थापना गर्ने,

(२) कार्बोनेटेड वा ननकार्बोनेटेड ब्रेभरेज जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३) वनस्पति ध्यू वा खाने तेल उत्पादन गर्ने, उद्योग स्थापना गर्ने,

(४) दैनिक १ मेट्रिक टन भन्दा बढी चिया कफी, जडिबुटी आदि प्रशाधन गर्ने उद्योग स्थापना गर्ने,

(५) दैनिक ३००० मेट्रिक टनसम्म  खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६) दैनिक १० मेट्रिक टन भन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उर्द्योग स्थापना  गर्ने,

(७) दैनिक २५ मेट्रिक टनसम्म हाड, सिङ्ग, वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(८) दैनिक १५,००० वर्गफिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(९) पाइपलाईन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेण्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१०) कुकिङ्ग -एल, पी, जी,) ग्याँस, बायोग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(११) कार्बन डाईअक्साईड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(१२) वार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पेलेको इटा, टायल आदि  बनाउने उद्योग स्थापना गर्ने,

(१३) दैनिक १० हजार भन्दा बढी Compressed Bricks, Hollow  Bricks/Blocks उत्पादन गर्ने, उद्योग स्थापना गर्ने,

(१४) दैनिक १००० मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने,

(१५) दैनिक २५ मेट्रिक टन भन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१६) दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१७) Chemical (Plasticizer, Chlorine, Sodium Hypo chlorideआदि) Glue, Adhesives बनाउने उद्योग स्थापना गर्ने,

(१८) Zinc Oxideउत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१९)श्रृङ्गार सामान बाहेकका रङग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२०) ब्लेण्डिङ्ग रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्ट्स उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२१) ब्लेण्डिङ्ग प्रक्रियाबाट  बिटुमिन वा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना, गर्ने,

(२२) Mosquito Repellent- भ्mोल , क्वाईल, टयाबलेृट , लोसन, आदि ), धुप आदि उत्पदन गर्ने उद्योग स्थापना गर्ने ,

दैनिक ५ मेट्रिक टन भन्दा बढी डिटरजेन्ट, स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाईजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२४) दैनिक १ मेट्रिक टन भन्दा बढी साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२५) व्यट्री (ड्इ वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२६) दैनिक ५० मेट्रिक टन सम्म (ड्रई वा वेट ) ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(२७) दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन गद्योग -फोमको प्रयोग गरी २ मेट्रिक टन भन्दा बढी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने,

(२८) परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने,

(२९) दैनिक १ मेट्रिक टन भन्दा बढी स्टेस्नरी सामान -पेन, डटपेन, सिसाकलम, कापी  रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३०) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्याकेजिङ्ग - कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३१) परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा  रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग गलैंचा, पस्मिना समेत) स्थापना गर्ने,

(३२) दैनिक ५ मेट्रिक टन भन्दा बढी धागो प्रयोग, गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३३) स्पिनिङ्ग मिल स्थापना गर्ने,

(३४) जुट उद्योग स्थापना गर्ने,

(३५) Coir RopeवाCoir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने ,

(३६) चुनढुङ्गा वा क्लिङ्करमा आधारित दैनिक ३,००० मेट्रिक  टनसम्म उत्पादन क्षमता भएको क्लिङ्कर वा सिमेन्ट  उद्योग स्थापना गर्ने,

(३७) दैनिक ३,००० मेट्रिक टनसम्म चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने,

(३८) दैनिक १० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको वा २० करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने  खनिजन्य  पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(३९) औषधी उद्योग स्थापना गर्ने वा दैनिक ५० मेट्रिक टनसम्म  औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs)संल्श्रेषण (Formulation)गर्ने उद्योग स्थापना गर्ने,

(४०) दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४१) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्लाष्टिकका सामान -पाईप, फिटिङ्ग, यार्न wrapper, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग( खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा virgin Granuals, Resin, Compound मा आधारित) स्थापना गर्ने,

(४२) टायर, टयुब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४३) पुरानो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन -तेल ) निकाल्ने उद्योग स्थापना गर्ने,

(४४) एनोडाइजिङ्ग इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग ( सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने,

(४५) रोलिङ्ग मिल उद्योग स्थापना गर्ने,

(४६) दैनिक १० मेट्रिक टन भन्दा बढी कट्ठ-लेन्थ गर्ने तथ भाँडा बनाउने उद्योग स्थापना गर्ने,

(४७) दैनिक ५० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने,

(४८) दैनिक ५०० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरवस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४९) दैनिक ७५० मेट्रिक टनसम्म धातु रिमेल्टिङ्ग  वा रिरोलिङ्ग वा ऐलोयिङ्( Alloying)गर्ने उद्योग स्थापना गर्ने,

(५०) १० मेट्रिक टन भन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टकचर समेत) गर्ने उद्योग स्थापना गर्ने,

(५१) गाडी, मोटर साईकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साईकल /रिक्सा -इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(५२) १ करोड रुपैयाँ भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिोनिक्स सामान एसेम्बलिङ्ग गर्ने उद्योग  स्थापना गर्ने,

(५३) दैनिक १ मेट्रिक टन भन्दा बढी बिजुलीको तार ( वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(५४) मेसिन उपकरणमा ५ करोड रुपैयाँ भन्दा बढी लगानी भएको वर्कशप - मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने,

(५५) मेसिन उपकरणमा ५ करोड रुपैयाँ भन्दा बढी लगानी गर्ने निर्माण सम्बन्धी कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना गर्ने,

(५६) सबै प्रकारका ग्याँस सिलिन्डर उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(५७) उद्योगले आफ्नो प्रयोगको लागि ५ देखि ४० मेगावाटसम्म नवीकरणीय ऊर्जा प्रविधि (सौर्या, वायु, जैविक आदि) Congeneration, DG Setबाट विद्युतीय ऊर्जा उत्पादन गर्ने,

(५८) उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायर जडान गरी सञ्चालन गर्ने,

(५९) वार्षिक २५ हजारदेखि ५ लाख घन फिटसम्म काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने,

(६०) दैनिक ५०० घन फिट भन्दा बढी काठ प्रयोग गरी झयाल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६१) रोजिन, टर्पेन्टाईन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६२) वार्षिक २ लाख घनफिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर,प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने,

(६३) दैनिक ५ मेट्रिक टन भन्दा बढी बाँस तथा बेतका सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६४) दैनिक ५०० किलोग्राम भन्दा बढी सुर्तिजन्य पानमसला उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६५) चुरोट तथा बिडी उत्पादन (सूर्ती ड्राइ गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने

(६६) सलाई उद्योग स्थापना गर्ने,

(६७) दैनिक १० किलो लिटर भन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६८) Solvent Extraction प्रतिक्रियाबाट खाने तेल बाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६९) Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७०) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७१) दैनिक ५ लिटर भन्दा बढी Chemicalतथा Reagentप्रयोग हुने Diagnosis Labस्थापना गर्ने,

(७२) काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(७३) दैनिक १ मेट्रिक टन भन्दा बढी पशु पन्छीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७४) दैनिक २०० जोर भन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७५) दैनिक १ लाख भन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्ने,

(७६) दैनिक १०० मेट्रिक टन भन्दा बढी Cargo Handingगर्ने उद्योग स्थापना गर्ने,

(७७) कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम परामर्श जस्ता कार्य बाहेक २५ करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग

(७८) अस्फाल्ट ब्याचिङ्ग प्लान्ट स्थापना तथा सञ्चालन गर्ने, ।

**ग) खानी क्षेत्र :**

(१) १०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्बास गरी खानी उत्खनन् गर्ने,

(२) रेडियोधर्मी धातुबाहेक अन्य धातु उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १,००० टनसम्म र सतही उत्खनन् भए दैनिक २,००० टनसम्म उत्खनन्का कार्य गर्ने,

(३) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २,००० टनसम्म र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टनसम्म उत्खनन्को कार्य गर्ने,

(४) साधारण निर्माणमुखी ढुङ्ग, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औधोगिक माटो र साधारण माटोको उत्खनन्को लागि दैनिक ५० देखि ५०० घन मिटरसम्म उत्खनन्को कार्य गर्ने,

(५) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १००० टन र सतही उत्खनन् भए दैनिक २,००० टनसम्म उत्खनन्को कार्य गर्ने,

(६) दैनिक २ लाख घन मिटरसम्म प्राकृतिक ग्याँस (Natural Gas)उत्पादन कार्य गर्ने,

(७) नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने ।

**(घ) सडक क्षेत्र :**

(१) २५ किलोमिटरसम्म लम्बाई हुने नयाँ सडक निर्माण गर्ने,

(२) ५ देखि ५० किलोमिटर सम्मको रज्जुमार्ग निर्माण गर्ने,

(३) १ देखि ५ किलोमिटर सम्मको केबुल कार मार्ग निर्माण गर्ने,

(४) १०० मिटर भन्दा बढी लम्बाईका पुल निर्माण गर्ने,

(५) सडक प्रयोजनको लागि १ देखि ३ किलोमिटरसम्म सुरुङ् बनाउने,

(६) चारपाङ्ग्रे सवारी सञ्चालन हुने आकाशे पुल (फ्लाई ओवर) निर्माण गर्ने,

(७) सार्वजानिक यातायातको लागि मोनो रेलमार्ग सञ्चालन गर्ने,

(८) १० किलोमिटर भन्दा बढी ५० किलोमिटरसम्म लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने ।

**(ङ) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र :**

(१) ५,००० भन्दा बढी १,०००० वर्गमिटर क्षेत्रफलसम्मको Built up Areaवा Floor Areaआवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(२) १००० देखि २,००० जनासम्म एकै पटक आगमन तथ निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रङ्गशाला, कन्सर्टहल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(३) १ देखि ५ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने,

(४) १० देखि १०० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने,

(५) ५ हेक्टर भन्दा बढी Hard Surface Pavement ( Dry port , Bus Park, parking lotआदि) निर्माण गर्ने,

(६) २०,००० घन मिटरभन्दा बढी माटो पुर्ने तथा माटो काटी Site Developगर्ने

(७) ११ तल्ला वा २५ मिटर भन्दा बढी १६ तल्ला वा ५० मिटरसम्मका उचाई भएका भवन निर्माण गर्ने,

(८) १०,००० देखि २०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने,

**(च) जलस्रोत र ऊर्जा क्षेत्र :**

(१) विद्युत् प्रसारण लाईन र सबस्टेशन निर्माण अन्तर्गत :

(क) १३२ के.भी. वा सो भन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने,

(ख) विद्यमान २२० के. भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट टयाप गरी नयाँ आउडडोर सबस्टेशन निर्माण गर्ने ।

(२) विद्युत उत्पादन अन्तर्गत :

(क) १देखि ५० मेगावट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने,

(ख) १देखि ५ मेगावट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विद्युत् उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) १५०० घनमिटर भन्दा बढी क्षमताको बायोग्याँस प्लान्ट निर्माण गर्न ।

(३) सिँचाइको नयाँ प्रणाली अन्तर्गत :

(क) तराई वा भित्री मधेशमा २०० देखि २,००० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने,

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने,

(ग) पहाडी भिरालो पाखा वा पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने,

(घ) १०० हेक्टरभन्दा बढीको लिफ्ट सिँचाइ आयोजना निर्माण गर्ने,

(४) सिँचाईको पुनरुत्थान प्रणाली अन्तर्गत : विद्यमान प्रणाली भित्रका सिँचाइ आयोजनामा नयाँ हेडवर्क्स निर्माण वा सल नहर परिवर्तन हुने कुनै पनि पुरुत्थान आयोजना सञ्चालन गर्ने,

(५) २५ देखि १०० जनासम्म स्थायी बसोबास भएका जनसङ्ख्य विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने,

(६) १० किलोमिटर भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने,

(७) नवीकरणीय ऊर्जा क्षेत्र :

(क) १देखि १० मेघावाट क्षमतासम्मको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) १देखि १० मेघावाट क्षमतासम्मको बायु ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) ०.५ देखि २ मेगावाट क्षमतासम्मको जैविक ऊर्जाबाट विद्युत ऊत्पादन आयोजना सञ्चालन गर्ने,

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्कने खोस्टा (Bagasse)बाट विद्युत सहउत्पादन (Cogeneration)हुने आयोजना सञ्चालन गर्ने ।

**(छ) पर्यटन क्षेत्र :**

(१) ५१ देखि १०० बेडसम्मको होटेल वा रिसोर्ट निर्माण , स्थापना तथा सञ्चालन गर्ने,

(२) विद्यमान विमानस्थलमा क्षेत्रफल थप्ने,

(३) माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इन्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्ग कार्य वा क्रुज सञ्चालन गर्ने,

(४) तालमा स्थापना हुने हाउस बोट -तैरने घर ) सञ्चालन गर्ने,

**(ज) खानेपानी  क्षेत्र :**

(१) १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतको  प्रयोग गर्ने,

(२) सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS)भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ५० देखि ७५ प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने,

(३) प्रति सेकेन्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने,

(४) भूमिगत पानीको स्रोत विकासका लागि कुल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने,

(५) १ देखि ३ किलोमिटर सम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने,

(६) खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसङ्ख्या विस्थापन गर्ने,

(७) खानेपानीको स्रोतको माथिल्लो भागमा ५०० जनसङ्ख्या सम्मको बसोबास गराउने,

(८) ५० हजारदेखि २ लाखसम्मको जनसङ्ख्यलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने,

(१०) १ किलोमिटर भन्दा बढीको डाइभरसन् सम्बन्धी काम गर्ने,

(११) ट्रिटमेन्ट सहितको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने ।

**(झ) फोहोर मैला व्यवस्थापन क्षेत्र :** घर तथा आवास क्षेत्रबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्ने :

(१) वार्षिक १,००० देखि ५,००० टनसम्म फोहोरमैला जमिनमा भर्ने ,

(२) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने,

(३) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रासायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट गर्ने, केलाउने, तह लगाउने र पुन : प्रयोग गर्ने,

(४) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने,

(५) ५ एम . डी . एल . (MLD)क्षमता सम्मको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने,

(६) ५०,००० सम्मका जनसङ्ख्यालाई टेवा पुर्‍याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई वा फोहोरमैला व्यवस्थापन कार्य गर्ने ।

**(ञ) कृषि क्षेत्र :**

(१) पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने,

(२) निर्माण सम्बन्धी देहायको काम गर्ने :

(क) ३०,००० वटा भन्दा बढी पन्छी जाति पाल्नको लागि निर्माण कार्य गर्ने,

(ख) १,००० वटा भन्दा बढी ठुला चौपाया पाल्नको लागि निर्माण कार्य गर्ने,

(ग) ५,००० वटा भन्दा बढी साना चौपाया - भेडा, बाखा ) पाल्नको लागि निर्माण कार्य गर्ने,

(घ) २,००० वटा भन्दा बढी बङ्गुर/सुँगुर पाल्नको लागि निर्माण कार्य गर्ने,

(ङ) महानगरपालिका वा उपमहानगरपालिका क्षेत्र अन्तर्गत तराईमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने,

(च) वार्षिक २५ करोड भन्दा बढी माछाको भूरा उत्पादन गर्न ह्याचरीका लागि पोखरी निर्माण गर्ने,

(छ) पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण सम्बन्धी दैनिक २,००० भन्दा बढी नमूना सङ्कलन तथा परीक्षण कार्यको लागि प्रयोगशाला निर्माण गर्ने,

(ज) अनुमति प्राप्त बधशाला निर्माण गर्ने,

(झ) प्यारेन्ट र ग्र्यान्ड प्यारेन्ट कुखुरा पालन तथा ह्याचरी सञ्चालन गर्न निर्माण गर्ने ।

(३) म्याद नाघेका विषादीको (सूचित विषादीको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने,

(४) रासायनिक मल उत्पादन, संल्श्रषण -फर्मूलेशन), सम्मिश्रण -ब्लेण्डिङ्ग), प्याकेट वा डिब्बाबन्दी -प्याकेजिङ् क्यानिङ्ग) र भण्डारण ( स्टोर) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने,

(५) जीव नाशक विशादी उत्पादन, संल्श्रेषण -फर्मूलेशन), सम्मिश्रण - ब्लेण्डिङ्ग) प्याकेट वा डिब्बाबन्दी -प्याकेजिङ्ग/क्यानिङ्ग) र भण्डारण (स्टोर) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने,

(६) देहाय बमोजिमको कृषिजन्य उद्योग स्थापना गर्ने :

(क) दैनिक १०,००० लिटर भन्दा बढी क्षमताको दुग्ध प्रशोधन - दुधको परिकार समेत) उद्योग स्थापना गर्ने,

(ख) दैनिक ५ मेट्रिक टन भन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(ग) १,००० मेट्रिक टन भन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने,

(घ) परम्परागत भेटेरीनरी औषधी बाहेकका भेटेरीनरी भ्याक्सिन तथा औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(ङ) दैनिक १० मेट्रिक टन भन्दा बढी फलफूल वा तरकारीको प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(च) दैनिक २ देखि १० मेट्रिक टनसम्म प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(ट) स्वास्था क्षेत्र : २६देखि १०० शैययासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने,

(ठ) शिक्ष क्षेत्र : ५१ भन्दा बढी १०० शैयया सम्मको शिक्षण अस्पताल सञ्चालन गर्ने,

(नियम३ सँग सम्बन्धित)

**वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्ताव**

**(क) वन क्षेत्र :**

(१) तराईमा ५०० हेक्टर भन्दा बढी र पहाडमा २५० हेक्टर भन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षरोपण गर्ने,

(२) सम्बन्धित ठाउँमा परिक्षण भई वृक्षरोपणको लागि उपयुक्त भएका आयतित प्रजातिका बिरुवा तराईमा ५० हेक्टर भन्दा बढी र पहाडमा २५ हेक्टर भन्दा बढी क्षेत्रफलमा वृक्षरोपण गर्ने,

(३) तराईमा १०० हेक्टर भन्दा बढी र पहाडमा ५० हेक्टर भन्दा बढी क्षेत्रफलको वन व्यावसायिक कबुलियती वनको रुपमा दिने,

(४) नेपाल सरकारले वन अनुसन्धान प्रयोजनका लागि वार्षिक ३० हेक्टर भन्दा बढी राष्ट्रिय वन सरपट कटान गर्ने,

(५) वन क्षेत्रमा फोहोरमैला फाल्न ल्यान्डफील साईट निर्माण तथा सञ्चालन गर्ने,

(६) वन क्षेत्र वन संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्रको वन क्षेत्रमा २५ बेड भन्दा बढीको रिसोर्ट वा होटेल, २५ शैयया भन्दा बढीको अस्पताल वा २५ कोठा भन्दा बढीको शिक्षण संस्था निर्माण गर्ने,

(७) देहायको वन पैदावर सङ्कलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन काययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने :

(क) वार्षिक ५० मेट्रिक टन भन्दा बढी जरा तथा गानो सङ्कलन गर्ने ,

(ख) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बोक्रा सङ्कलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टन भन्दा बढी पात वा डाँठ सङ्कलन गर्ने, (सालसिड, रिट्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) वार्षिक १५० मेट्रिक टन भन्दा बढी फूल वा भुवा सङ्कलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी फल वा बीज सङ्कलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टन भन्दा बढी विरुवा सङ्कलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक ) वा लोहवान सङ्कलन गर्ने,

(८) प्रचलित कानून बमोजिम प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टन भन्दा बढी वन पैदावार सङ्कलन गर्ने,।

**(ख) उद्योगक्षेत्र :**

(१)दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी ब्रुअरी वा वाइनरी उद्योग स्थापना गर्ने,

(२)दैनिक ३,००० मेट्रिक टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ,

(३) दैनिक २५ मेट्रिक टन भन्दा बढी हाड, सिङ्ग वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(४) दैनिक १५,००० वर्गफिट भन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(५) वार्षिक ३ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने,

(६) दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

.(७) ब्लेण्डिङ्ग प्रक्रियबाट बाहेक विटुमिन वा बिटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(८) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक रायानिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने

(९) ब्लेण्डिङ्ग प्रक्रियबाट बाहेक किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१०) दैनिक ५० मेट्रिक टन (ड्राई वा वेट) भन्दा बढी ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(११) दैनिक ५ मेट्रिक टन भन्दा बढी फोम उत्पादन गर्ने उद्योग - फोमको प्रयोग गरी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने,

(१२) दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने,

(१३) चुनढुङ्गा वा क्लिङ्करमा  आधारित दैनिक ३,००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको क्लिङ्कर वा सिमेण्ट उद्योग स्थापना गर्ने,

(१४) दैनिक ३,००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने,

(१५) २ अर्ब रुपैयाँ भन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१६) दैनिक ५० मेट्रिक टन भन्दा बढी औषधीको लागि प्रारम्भिक कम्पाउण्ड ( Bulk Drug)संश्लेषण (Formulation)गर्ने उद्योग स्थापना गर्ने,

(१७) दैनिक ५०० मेट्रिक टन भन्दा बढी प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१८) दैनिक ७५० मेट्रिक टन भन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying)गर्ने उद्योग स्थापना गर्ने,

(१९) उद्योगले आफ्नो प्रयोगको लागि ४० मेगावाट भन्दा बढी नवीकरणीय ऊर्जा प्रविधि ( सौर्य, वायु, जैविक आदि) Congeneration, DG Setबाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य गर्ने,

(२०) वार्षिक ५ लाख घन फिटभन्दा बढी काठ प्रयोग गर्ने स : मिल स्थापना गर्ने,

(२१) वार्षिक २ लाख घन फिट भन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लईउड् प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने,

(२२) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टन भन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२३) अति घातक पदार्थ जस्तै : आइसोनाइट, मर्करी कम्पाउण्ड उत्पादन गर्ने उद्योग स्थापना गर्ने, छद्द

(२४) रेडियो विकिरण निष्कासन हुने -न्यूक्लियर/एटोमिक प्रशोधन उद्योग स्थापना गर्ने,

(२५) नेपाली सेना,सशस्त्र प्रहरी बल, नेपाल वा नेपाल प्रहरीले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली, गट्ठा, बारुद लगायतका बिस्फेटक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२६) पेट्रोलियम पाइपलाइन निर्माण गर्ने,

(२७) दैनिक १००० मेट्रिक टन भनदा बढी क्षमताको क्रसर उद्योग स्थापना गर्ने ।

(२८) कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम, परामर्श जस्ता कार्य बाहेक २ अर्ब रुपैयाँ भन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग ।

**(ग) खानी क्षेत्र :**

(१) खानी उत्खनन् गर्नको लागि १०० जना भन्दा बढी जनसङ्ख्याको स्थायी बसोबास स्थानान्तरण, वा पुनर्बास गर्ने,

(२) खानी उत्खनन् कार्यको लागि :

(क) सबै रेडियो धर्मी धातुको उत्पादन गर्न उत्खनन् कार्य गर्ने,

(ख) अन्य धातु उत्पादन गर्न भूमिगत उत्खनन् भए दैनिक १,००० टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक २००० टन भन्दा बढी उत्खनन्को कार्य गर्ने,

(ग) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २,००० मेट्रिक टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टन भन्दा बढी उत्खनन्को कार्य गर्ने,

(घ) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्ग, बालुवा, ग्राभेल, औधोगिक माटो र साधारण माटोको उत्खनन्को लागि दैनिक ५०० घनमिटर भन्दा बढी उत्खनन् कार्य गर्ने,

(ङ) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १,००० टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक २,००० टन भन्दा बढी उत्खनन् कार्य गर्ने,

(च) दैनिक २ लाख घन मिटर भन्दा बढी प्राकृतिक ग्याँस (Biogenic Nartural Gas)उत्पादन कार्य गर्ने,

(छ) पेट्रोलियम पदार्थको उत्खनन् प्रशोधन सम्बन्धी कार्य गर्ने,

(ज) नदी नाला सतहबाट दैनिक ३०० घन मिटर भन्दा बढी बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने ।

**(घ) सडक क्षेत्र :**

(१) २५ किलोमिटर भन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ सडक निर्माण गर्ने,

(२) ५० किलोमिटर भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने,

(३) ५ किलोमिटर भन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने,

(४) सार्वजानिक यातायातको लागि रेलमार्ग सञ्चालन गर्ने,

(५) सडक प्रयोजनको लागि ३ किलोमिटर भन्दा बढी लम्बाईको सुरुङ् बनाउने,

(६) ५० किलोमिटर भन्दा बढी लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने ।

**(ङ) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र :**

(१) १०,००० वर्गमिटर क्षेत्रफल भन्दा बढीको Built Up Areaवा Floor Areaभएको आवसीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(२) २,००० जना भन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रंगशाला, कन्सर्टहल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(३) ५ हेक्टर भन्दा बढी क्षेत्रमा आवास विकास गने,

(४) १०० हेक्टर भन्दा बढीको जग्गा आयोजना सञ्चालन गर्ने,

(५) १६ तल्ला वा ५० मिटर भन्दा बढी उचाई भएका भवन निर्माण गर्ने,

(६) २०,००० लिटर भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने,

(७) कृषियोग्य भूमिमा शहरीकरण गर्ने ।

**(च) जलस्रोत र ऊर्जा क्षेत्र :**

(१) विद्युत उत्पादन अन्तर्गत :

(क) ५० मेगावट भन्दा बढी क्षमताको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने,

(ख) १मेगावाट भन्दा बढी क्षमताको कोइला वा आणविक विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) ५ मेगावट भन्दा बढी क्षमताको खनिज तेल वा ग्यासबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

**(२) सिँचाइको नयाँ प्रणाली अन्तर्गत :**

(क) तराई वा भित्री मधेशमा २,००० हेक्टर भन्दा बढीको क्षेत्र सिँचाइ गर्ने,

(ख) पहाडी उपत्यका र टावरमा ५०० हेक्टर भन्दा बढीको क्षेत्र सिँचाइ गर्ने,

(ग) पहाडी भिरालो पाखा वा पर्वतीय क्षेत्रमा २०० हेक्टर भन्दा बढी सिँचाइ गर्ने ।

(३) १०० जना भन्दा बढी स्थायी बसोबास भएका जन सङ्ख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने,

(४) बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने,

(५) एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई ( इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने,

(६) नवीकरणीय ऊर्जा क्षेत्र :

(क) १०मेगावाट भन्दा बढी क्षमताको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) १०मेगावाट भन्दा बढी क्षमताको वायु ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) २ मेगावाटभन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

**(छ) पर्यटन क्षेत्र :**

(१) १०० बेड भन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका स्रोतको प्रयोग गर्न्

(२) नयाँ विमानस्थल निर्माण गर्ने ।

**(ज) खानेपानीक्षेत्र :**

(१) ५०० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको बर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीको स्रोतको प्रयोग गर्ने,

(२) सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS)भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा अपूर्ति गर्ने,

(३) भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्ज गर्ने

(४) खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसङ्ख्या विस्थापित गर्ने,

(५) खानेपानीको स्रोतको माथिल्लो तटीय भागमा ५०० जनाभन्दा बढीको जनसङ्ख्या बसोबास गराउने,

(६) २ लाख भन्दा बढी जनसङ्ख्यालाई खानेपानी आपूर्ति गर्ने,

(७) २ लाख भन्दा बढी जनसङ्ख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने,

(८) जैविक तथा रासायनिक प्रदूषण हुने स्रोत वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने,

(९) प्रति सेकेण्ड ५०० लिटर भन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोतसम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने

(१०) ३ किलोमिटर भन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने,

(११) सार्वजानिक खानेपानीका आपूर्तिका मुख्य स्रोतमा कार्यान्वयन गरिने कुनै प्रस्ताव ।

**(झ) फोहोरमैला व्यवस्थापन क्षेत्र :**

(१) घर तथा आवास क्षेत्रबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्ने :

(क) बार्षिक ५००० टन भन्दा बढी फोहोरमैला जमिनमा भर्ने,

(ख) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स एरियासम्बन्धी काम गर्ने,

(ग) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट, केलाउने, तह लगाउने र पुन : प्रयोग गर्ने,

(घ) १०हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्न्

(ङ). कम्तीमा १०,००० जनसङ्ख्या भएको शहरी, क्षेत्रबाट निस्कने फोहोरमैला गाड्ने काम गर्ने,

(च) ५ एम. एल. डी. (MLD) भन्दा बढी क्षमताको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने,

(छ) ५०,००० भन्दा बढी जनसङ्ख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई र फोहोरमैला व्यवस्थापन कार्य गर्ने ।

(२) देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहोरमैला सम्बन्धी देहायका निर्माण सम्बन्धी काम गर्ने :

(क) फोहोरमैला संयन्त्र निर्माण,

(ख) फोहोरमैला रिकोभरी प्लान्ट निर्माण,

(ग) फोहोरमैला भर्ने थुपार्ने वा गाड्ने ठाउँको निर्माण,

(घ) फोहोरमैला भण्डारण गर्ने ठाउँको निर्माण,

(ङ) फोहोरमैला ट्रिटमेण्ट सुविधाको निर्माण ।

(३) जोखिमपूर्ण फोहोर पदार्थ सम्बन्धी देहायका काम गर्ने :-

(क) २५ वर्ष भन्दा बढीह आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने,

(ख) पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने,

(ग) कम्तिमा २५ शैयय भएको स्वास्थ्य केन्द्र अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिमपूर्ण पदार्थको अन्तिम निष्कासन व्यवस्थापन गर्ने,

(घ) कुनै पनि हानिकारक पदार्थलाई भष्म वा पुन : प्रयोग गर्नको लागि १ हेक्टर वा सो भन्दा बढी क्षेत्रफलको जमिन प्रयोग गर्ने र ऊर्जा सम्बन्धी कुनै काम गर्ने ।

**(ञ) कृषि क्षेत्र :**

(१) पहाडमा १ हेक्टर भन्दा बढी र तराईमा ५ हेक्टर भन्दा बढी राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने,

(२) जीवनाशका विषादी (सूचित विषादीको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने,

(३) दैनिक १० मेट्रिक टन भन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(ट) स्वास्थ्य क्षेत्र : १०० शैयया भन्दा बढीको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने,

(ठ) शिक्षा क्षेत्र : १०० शैयया भन्दा बढीको शिक्षण अस्पताल सञ्चालन गर्ने ।

अनुसूची - १४

(दफा ३ को उपदफा ७ संग सम्बन्धित)

# हरित, उत्थानशील तथा समावेशी विकास परीक्षण सूची

(Green, Resilient and Inclusive Development - GRID Screening Checklist)

विकासोन्मुख राष्ट्रहरूले विकासको दवाबका कारण ठूलो वातावरणीय परिवर्तनको अनुभव गरिरहेका छन् । जलवायु परिवर्तनको कारण आगामी दशकहरूमा यस्तो दवाब अझ बढ्ने सम्भावना छ । एकातिर बहुआयामिक गरिबी र जीविकोपार्जनका लागि पारिस्थितिकीय प्रणालीमाथिको निर्भरताले वातावरणलाई ह्रासोन्मुख बनाएको छ भने अर्कोतर्फ अल्पीकरण र अनुकूलनका लागि लगानी गर्ने स्रोतसाधन पर्याप्त नहुने हुँदा विपन्न मुलुकहरू नै यसबाट बढी पीडित हुने सम्भावना रहन्छ । गरिबी न्यूनीकरणका लागि तिब्र आर्थिक वृद्धि आवश्यक हुन्छ भने यसका लागि पर्यावरण तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा संवेदनशील रहने विकास प्रक्रियाको रूपमा हरित वृद्धि अवधारणा विशेष सहयोगी हुन सक्दछ । स्थानीय तहका विकास आयोजनाको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई भए पनि उच्च आर्थिक वृद्धि, हरित समावेशी विकास र गरिबी न्यूनीकरणबीच सन्तुलन मिलाउने कार्य स्थानीय तहका लागि सहज छैन । यसका लागि स्थानीय तहले हरित, उत्थानशील एवम् समावेशी विकासको अनुपालना हुने गरी विकास आयोजनाहरूको डिजाइन र कार्यान्वयन गर्ने पद्धतिलाई सुनिश्चित गर्न आवश्यक छ । पहिचान कै चरणमा आयोजना परीक्षण (स्क्रिन) गर्ने पद्धति नै अनुपालना सुनिश्चित गर्ने एक उत्तम उपाय हुन सक्दछ ।

परीक्षण (स्क्रिनिङ) गर्नुको मुख्य प्रयोजन नै जोखिमका अवस्थाहरू पहिचान गरी कार्यक्रम/ आयोजनालाई समावेशी र उत्थानशील बनाउने उपायहरूको विकास गर्नु हो । यसको उद्देश्य कुनै आयोजना वा कार्यक्रमको कार्यान्वयनलाई निरुत्साहित वा प्रतिबन्धित गर्ने नभई बरु यसलाई सीमान्तकृत समुदायसँग जोडी प्राप्त हुने लाभहरूलाई अधिकतम बनाउने हो । यसको अर्को उद्देश्य प्रस्तावित आयोजना वा कार्यक्रमबाट वातावरणमा पर्ने थप दवाबको कारण उत्पन्न हुने विपद् वा जलवायुजन्य जोखिमलाई बढ्न नदिने पनि हो । यस परीक्षण (स्क्रिनिङ) निर्देशिकाले आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट सिर्जना हुनसक्ने विपद् र जलवायुजन्य जोखिम कम गरी वञ्चितीमा परेका जनतालाई लाभ सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

यस परीक्षण सूचीमा आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट सिर्जना हुनसक्ने विपद् र जलवायुजन्य जोखिमका क्षेत्रका प्रश्नहरू समावेश गरिएको छ । यी प्रश्नहरूमा उपलब्ध तथ्य वा प्रश्नकर्ताको विवेकपूर्ण निर्णयको आधारमा स्तरीकरण गरिनेछ । यदि कुनै प्रश्नको उत्तरले उच्च जोखिमलाई सङ्केत गर्छ भने त्यस सूचकसँग सम्बन्धित जोखिम कम गर्ने उपायको पहिचान गरेर मात्र आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुन्छ । मध्यम जोखिम भए जोखिम न्यूनीकरणका उपायहरू आयोजना वा कार्यक्रमको पछिल्लो चरणमा लागू गर्न सकिन्छ भने न्यून जोखिम देखिएमा थप जानकारीका आधारमा आवश्यकता अनुसारका अनुकूलन उपायहरू अवलम्बन गर्न सकिने छ । परीक्षणको क्रममा यदि कुनै सूचक खास आयोजना वा कार्यक्रमको सन्दर्भमा लागू नहुने भए “लागू नहुने” र जवाफ थाहा नभए “अज्ञात” भनी उल्लेख गर्नु पर्नेछ ।

# परीक्षण (स्क्रिनिङ) ढाँचा

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | सूचकहरु | जोखिम स्तरीकरण | | | | | आवश्यक सुधारात्मक कदम |
|---|---|---|---|---|---|---|---|---|
| | | | लागु नहुने | अज्ञात | न्युन | मध्यम | उच्च | |
| **क.** | **मूल प्रणाली** | | | | | | | |
| **1** | **पानी** | | | | | | | |
| 1.1 | सतहको पानी | के प्रस्तावित आयोजना वा कार्यक्रमबाट हुने पानीको निष्कर्षण/निकासीले विद्यमान पानीका स्रोतहरूमा थप दबाब सिर्जना गर्छ ? | | | | | | |
| | | पानीको स्रोतमा हुने कटौतीले यस आयोजना वा कार्यक्रमलाई कति धेरै प्रभाव पार्न सक्ने सम्भावना छ ? | | | | | | |
| | | के यस आयोजनाले वञ्चितीमा परेका (सीमान्तकृत) समुदायले उपयोग गर्ने पानीका स्रोतमाथिको पहुँचलाई प्रभावित पार्छ ? | | | | | | |
| | | के प्रस्तावित आयोजना वा कार्यक्रमबाट पानीमा आश्रित जलचार वा जीवजन्तुको दीनचर्यामा प्रभाव पर्छ ? | | | | | | |
| 1.2 | भूमिगत पानी | के यस आयोजना वा कार्यक्रमले भूमिगत पानीको पुनर्भरण(रिचार्ज)मा अवरोध ल्याउँछ ? | | | | | | |
| | | भूमिगत पानीको सतह तल जाँदा यसले आयोजना वा कार्यक्रममा असर पार्दछ ? | | | | | | |
| | | भूमिगत पानीको सतह उकास हुँदा यसले आयोजना वा कार्यक्रममा असर पार्दछ ? | | | | | | |
| 1.3 | बाढी | के यस आयोजना वा कार्यक्रमले जलनिकास प्रणालीमा अवरोध ल्याई बाढीको समस्या बढाउनेछ ? | | | | | | |
| | | के बाढी आउँदा यस आयोजना वा कार्यक्रममा कुनै किसिमको जोखिम उत्पन्न हुनेछ (जस्तै बगाउने, डुबान हुने, जलनिकास प्रणालीमा अवरोध हुने वा ढल बगाउने वा माटो भरिने आदिका कारण)? | | | | | | |

| क.सं. | क्षेत्र/उपक्षेत्र | सूचकहरु | जोखिम स्तरीकरण | | | | | आवश्यक सुधारात्मक कदम |
|---|---|---|---|---|---|---|---|---|
| | | | लागु नहुने | अज्ञात | न्यून | मध्यम | उच्च | |
| **2** | **खाद्य** | | | | | | | |
| 2.1 | खाद्य सुरक्षा | के यस आयोजना वा कार्यक्रमले खाद्यान्न उत्पादनमा प्रतिकूल प्रभाव पार्दछ ? | | | | | | |
| | | के यस आयोजना वा कार्यक्रमले विद्यमान सिंचाई प्रणालीमा प्रतिकूल प्रभाव पार्दछ ? | | | | | | |
| | | के यस आयोजना वा कार्यक्रमले वञ्चितीमा परेका (सीमान्तकृत) समुदायका लागि खाद्यान्न उपलब्धतामा प्रतिकूल प्रभाव पार्दछ ? | | | | | | |
| **3** | **ऊर्जा** | | | | | | | |
| 3.1 | उत्सर्जन | के यस आयोजना वा कार्यक्रमले हरितगृह ग्यास उत्सर्जन वृद्धि गराउँछ ? | | | | | | |
| 3.2 | पहुँच | के यस आयोजना वा कार्यक्रमले न्यून आय बर्गका नागरिकहरूको ऊर्जा पहुँचमा प्रतिकूल प्रभाव पार्नेछ ? | | | | | | |
| **4** | **पारिस्थितिकीय प्रणाली** | | | | | | | |
| 4.1 | जैविक विविधता | के यस आयोजना वा कार्यक्रम ले वन, वनस्पति, वन्यजन्तु एवम् जलचर प्राणीलाई नष्ट वा क्षति गर्नेछ ? | | | | | | |
| | | के यस आयोजनावा कार्यक्रमले सीमसार, ताल, पोखरी जस्ता पानीका स्रोतहरुमा माटो, ढुंगा वा थिग्रेनी बढाएर वा पानीको प्रवाहमा कमी ल्याउँछ ? | | | | | | |
| | | के यस आयोजना वा कार्यक्रम ले महत्वपूर्ण र लोपोन्मुख जीवजन्तुको बासस्थान वा पर्यावरणीय हिसाबले संवेदनशील क्षेत्रमा प्रतिकूल प्रभाव पार्दछ ? | | | | | | |
| **5** | **भूमि** | | | | | | | |
| 5.1 | भूक्षय | के यस आयोजनावा कार्यक्रमले भूक्षय, पहिरो वा भूस्खलनलाई बढाउनेछ ? | | | | | | |

| क.सं. | क्षेत्र/उपक्षेत्र | सूचकहरु | जोखिम स्तरीकरण | | | | | आवश्यक सुधारात्मक कदम |
|---|---|---|---|---|---|---|---|---|
| | | | लागु नहुने | अज्ञात | न्यून | मध्यम | उच्च | |
| | | यस आयोजना वा कार्यक्रम अन्तर्गत बनेका संरचनामा भूक्षय, पहिरो वा भूस्खलनले क्षति पुऱ्याउने कत्तिको सम्भावना छ ? | | | | | | |
| 5.2 | भूउपयोगमा परिवर्तन | के यस आयोजना वा कार्यक्रमले भूउपयोगमा ल्याउने परिवर्तनको कारण जल प्रणालीमा असर गर्दछ (जस्तै डुबान, भूमिले पानी सोस्न कम हुने वा अन्य असर)? यदि गर्दछ भने कुन हदसम्म? | | | | | | |
| | | यस आयोजना वा कार्यक्रम को कारण भूउपयोगमा आउने परिवर्तनले न्यून आय वर्गका जनताको भूमिमाथिको पहुँचलाई असर गर्ने सम्भावना कत्तिको छ ? | | | | | | |
| 5.3 | भूमि भासिने वा धसिने | आयोजना वा कार्यक्रमको कारण आयोजना क्षेत्रमा भूमि भासिने वा धसिने कारणले हुने जोखिम कत्तिको छ ? | | | | | | |
| 5.4 | पहाडको फेद कटान हुने | के यस आयोजना वा कार्यक्रमले पहाडको फेद कटानको कारण सिर्जना हुने भिरालो जमिनमा अस्थिरताको जोखिमलाई बढाउँछ ? | | | | | | |
| | | के यस आयोजना वा कार्यक्रमले तटबन्ध र/वा पहाडको फेद कटानको कारण यस अघि निर्माण भएका संरचनामा क्षति पुऱ्याउने सभावना छ ? | | | | | | |
| **6** | **हावा** | | | | | | | |
| 6.1 | हावाहुरी | यस आयोजना वा कार्यक्रममा हावाहुरीको जोखिम के कत्तिको छ ? | | | | | | |
| 6.2 | तापक्रम वृद्धि | आयोजना वा कार्यक्रमको कारण औसत तापक्रम वृद्धिको जोखिम के कत्तिको छ ? | | | | | | |
| 6.3 | प्रदूषण | यस आयोजना वा कार्यक्रमस्थानीय वातावरणमा PM2.5 र PM10 मा वृद्धि हुने जोखिम के कत्तिको छ ? | | | | | | |
| **7** | **समावेशीता** | | | | | | | |

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | सूचकहरु | जोखिम स्तरीकरण | | | | | आवश्यक सुधारात्मक कदम |
|---|---|---|---|---|---|---|---|---|
| | | | लागु नहुने | अज्ञात | न्यून | मध्यम | उच्च | |
| 7.1 | लाभग्राही | यस आयोजना वा कार्यक्रमले विपन्न, लाभबाट बञ्चित र सीमान्त समुदायलाई बहिष्करणमा पार्ने सम्भावना कत्तिको छ ? | | | | | | |
| 7.2 | लैङ्गिकता | यस आयोजना वा कार्यक्रमले लैङ्गिक संवेदनशीलतामा ध्यान दिने सम्भावना कत्तिको छ ? | | | | | | |
| 7.3 | अपाङ्गता | यस आयोजना वा कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरूलाई बहिष्करणमा पार्ने सम्भावना कत्तिको छ ? | | | | | | |
| **ख.** | **सहायक प्रणाली** | | | | | | | |
| **8** | **भौतिक** | | | | | | | |
| 8.1 | पूर्वाधार | के आयोजना वा कार्यक्रमले विद्यमान सार्वजनिक भौतिक संरचनामा कुनै चुनौती वा खतरा उत्पन्न गर्न सक्छ ? | | | | | | |
| | | के यस आयोजना वा कार्यक्रमले आयोजना प्रभावित क्षेत्रमा जलवायु परिवर्तनको कारण सिर्जना हुने दवाबलाई बढाउँछ ? | | | | | | |
| **9** | **सामाजिक** | | | | | | | |
| 9.1 | अनुकूलता | के मानिसहरूले यो आयोजना वा कार्यक्रम स्वीकार नगर्न सक्छन् ? | | | | | | |
| | | के यस आयोजना वा कार्यक्रमलाई उत्थानशील र समावेशी बनाउन महँगो पर्न सक्छ ? | | | | | | |
| | | सङ्कटासन्न समूहसम्म पुग्न यस आयोजना वा कार्यक्रमले कत्तिको प्रयास गर्नेछ ? | | | | | | |
| | | यस आयोजना वा कार्यक्रमले गरिबी न्यूनीकरणमा  कस्ता खालका अवरोधहरूको सामना गर्नेछ ? | | | | | | |
| **10** | **ज्ञान** | | | | | | | |

| क.सं. | क्षेत्र/उपक्षेत्र | सूचकहरु | जोखिम स्तरीकरण | | | | | आवश्यक सुधारात्मक कदम |
|---|---|---|---|---|---|---|---|---|
| | | | लागु नहुने | अज्ञात | न्यून | मध्यम | उच्च | |
| 10.1 | तथ्यांक/जानकारी | ग्रीडको अनुपालना हुने आयोजना निर्माण गर्ने कार्यमा तथ्याङ्कको सीमितताले कुन हदसम्म अवरोध गर्दछ ? | | | | | | |
| | | हरित, उत्थानशील तथा समावेशी विकाससँग सम्बन्धित स्थानीय सवालहरूबारे ज्ञान सिर्जना गर्न के कस्ता सीमितता वा अवरोध छन् ? | | | | | | |
| 10.2 | सचेतना | हरित, उत्थानशील तथा समावेशी विकाससँग सम्बन्धित सवालहरूबारे सरोकारवालाहरू कत्तिको सचेत छन्? | | | | | | |
| **ग.** | **संस्थागत प्रणाली** | | | | | | | |
| **11** | **संस्थाहरू** | | | | | | | |
| 11.1 | अन्तरक्षेत्रगत परिवेश | के यस आयोजना वा कार्यक्रमले अन्य क्षेत्रहरूको गतिविधिमा प्रतिकूल प्रभाव पार्छ ? | | | | | | |
| | | यस आयोजना वा कार्यक्रममा उत्थानशीलता र समावेशिता बृद्धि गर्न अन्य क्षेत्रका गतिविधिहरूमा सहकार्य वा तालमेल मिलाउन के कस्ता अवरोधहरू छन् ? | | | | | | |
| 11.2 | सार्वजनिक निजी साझेदारी | यस आयोजना वा कार्यक्रममा निजी क्षेत्रबाट सहयोग जुटाउन कुन स्तरको प्रयास आवश्यक छ ? | | | | | | |
| **12** | **सञ्जाल तथा सम्बन्धहरू** | | | | | | | |
| 12.1 | समुदाय तहमा केन्द्रित | यस आयोजना वा कार्यक्रम कार्यान्वयनमा समुदाय तहका सञ्जालहरूलाई सहभागी गराउने कुरामा के कस्ता अवरोध छन् ? | | | | | | |
| 12.2 | विकास साझेदारहरू | आयोजना वा कार्यक्रमका लागि विकास साझेदारहरूबाट सहयोग जुटाउन कत्तिको कठिन हुनेछ ? | | | | | | |

| क.सं. | क्षेत्र/उपक्षेत्र | सूचकहरु | जोखिम स्तरीकरण | | | | | आवश्यक सुधारात्मक कदम |
|---|---|---|---|---|---|---|---|---|
| | | | लागू नहुने | अज्ञात | न्यून | मध्यम | उच्च | |
| 12.3 | केन्द्रीय | यस आयोजना वा कार्यक्रमका लागि केन्द्रीय स्तरका सञ्जालबाट सहयोग जुटाउन कत्तिको कठिन हुनेछ ? | | | | | | |
| **13** | **कानूनी प्रावधानहरू** | | | | | | | |
| 13.1 | ऐन, कानून तथा नियमहरू | यस आयोजना वा कार्यक्रमको कार्यान्वयनमा के कस्ता कानूनी सीमा वा अवरोधहरू छन् ? | | | | | | |
| 13.2 | अनुपालना | कानूनी प्रावधानहरूको पालनामा के कस्ता अवरोध वा सीमाहरु छन् ? | | | | | | |
| | | यस आयोजना वा कार्यक्रमको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनमा के कस्ता अवरोधहरू छन् ? | | | | | | |
| **घ.** | **आयोजनाले समेट्ने अन्य क्षेत्र तथा सम्भावित जोखिमहरू** | | | | | | | |
| **14** | **के यस आयोजना वा कार्यक्रमले तलका कुनै सहकार्यको क्षेत्रमा केन्द्रित गतिविधिहरू समावेश गर्नेछ ? यदि गर्नेछ भने, सान्दर्भिक छान्नुहोस् :** | | | | | | | |
| 14.1 | वन तथा जैविक विविधतासहितका प्राकृतिक स्रोतहरूको वातावरणीय तथा दिगो व्यवस्थापन | | | | | | | |
| 14.2 | पूर्वाधार तथा यातायात (सहरी विकास र फोहोर व्यवस्थापन समेत) | | | | | | | |
| 14.3 | जल तथा ऊर्जा (आपूर्ति र व्यवस्थापन समेत) | | | | | | | |
| 14.4 | ग्रामीण विकास, क्षेत्रगत योजना, कृषि तथा खाद्य सुरक्षा | | | | | | | |
| 14.5 | विपद् जोखिम व्यवस्थापन | | | | | | | |
| 14.6 | स्वास्थ्य | | | | | | | |

| नतिजा मापन | | | | | | |
|---|---|---|---|---|---|---|
| क.सं. | प्रणाली | सूचक (संख्या) | जोखिम स्तरीकरण | | | |
| | | | न्यून | मध्यम | उच्च | जम्मा |
| क | मूल प्रणाली | 30 | | | | |
| ख | सहायक प्रणाली | 9 | | | | |
| ग | संस्थागत प्रणाली | 9 | | | | |
| घ | आयोजनाले समेट्ने अन्य क्षेत्र तथा सम्भावित जोखिमहरू | 6 | | | | |
| **जम्मा अंकभार** | | **54** | | | | |

| हरित, उत्थानशील तथा समावेशी विकास उत्तरदायी आयोजना वा कार्यक्रम | | |
|---|---|---|
| क.सं. | जोखिमको स्तर | |
| **1** | **न्यून जोखिम** | सूचकहरुको योगफल **२५ भन्दा कम** तथा कुनै पनि सूचकले २ अंक प्राप्त नगरेको |
| **2** | **मध्यम जोखिम** | सूचकहरुको योगफल **२६ देखि ५० सम्म** तथा कुनै पनि सूचकले २ अंक प्राप्त नगरेको |
| **3** | **उच्च जोखिम** | सूचकहरुको योगफल **५० भन्दा अधिक** वा कुनै पनि सूचकले २ अंक प्राप्त गरेमा |

# हरित, उत्थानशील एवं समावेशी विकास परिक्षण विधि तथा प्रक्रिया

| चरण | | प्रक्रिया |
|---|---|---|
| १. | जोखिम तथा प्रभावको स्तर आंकलन | क्षेत्र तथा उपक्षेत्रगत रुपमा दिईएका सूचकहरु अनुसार आयोजना संग सम्बन्धित सूचनारु संकलन गरि सो का आधारमा जोखिम र सोको प्रभाव आंकलन गर्ने । |
| २. | अंकभार | जोखिमको स्तर र प्रभाव अनुशार प्रत्येक सूचकमा अंकभार प्रदान गर्ने । |
| ३. | नतिजा | अंकभारको योगफलका आधारमा हरित, उत्थानशील तथा समावेशी विकास उत्तरदायी आयोजना/कार्यक्रम पहिचान गर्ने । |

| मुल्यांकन (अंकभार प्रदान गर्ने) विधि | |
|---|---|
| **जोखिमको स्तर (सांकेतिकरण)** | **अंकभार** |
| लागु नहुने तथा अज्ञात | ✓ चिन्ह मात्र लगाउने |
| न्यून (वा जोखिमयुक्त नभएको) | ० |
| मध्यम (आंशिक जोखिमयुक्त) | १ |
| उच्च (जोखिमयुक्त) | २ |